मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

छाडा पशु-चौपायाको संरक्षण गरौं

छाडा पशु-चौपायाका कारणले:
❖सडक दुर्घटनाको सम्भावना बढ्छ,
❖बाली तथा बोटविरुवामा क्षति पुग्छ,
❖मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
❖जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,
त्यसैले,
❖पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
❖चरन क्षेत्रको व्यवस्थापन गरौं,
❖सडकछेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं,
❖छाडा पशु-चौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १५४ ★ ने. सं. ११४६ तछला थ्व, द्वादशी ★ शुक्रबार ★ १२ असार, २०८३ ★ June 26, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# पुरानोको सुस्केरा र नयाँको ताईफुई

काठमाडौँ, ११ असार । २००७ र २०१९ सालको 'क्रान्ति' र 'विद्रोह', 'झापा विद्रोह' र 'जनयुद्ध' नाउँको 'गृहयुद्ध' को रापताप एवम् बहुमत र दुईतिहाइको अहम्को पराजयकै सुस्केरा तथा गैरसरकारी विदेशीहरूको संस्थाहरूबाट प्रकाशमा आएका अनेकरूपी रास्वपाको प्रथम महाधिवेशनको अन्योलको अज्ञात भविष्यको लम्काइको उत्साहको मिश्रित प्रतिध्वनित तस्बिरबारे बजार, गल्ली, चिया पसल, पाटी-पौवा र चौतारीहरूमा देशको इतिहास र भविष्यबारे जनता चिन्तित देखिन्छन् ।

बन्दुकको गोलीले जित्न नसक्नेहरूलाई 'चास्नी पोतेको गोलीले जित्न सक्छ' भन्ने कहावत नेपालको वर्तमान राजनीतिक परिणाममा प्रतिबिम्बित भएको प्रस्ट छ ।

डलर र भारुको 'चास्नी' पोतिएका काठमाडौँ र विदेशका तारे होटलमा भएका सर्वदलीय प्रतिनिधित्व भएका 'बुद्धिजीवी' र जनप्रतिनिधिहरूले पश्चिमी 'होली वाइन' खाँदै नेपालका संविधानका खेस्राहरूमा 'मनोनीतका' प्रावधान, 'महिला, युवा र समावेशीता' को प्रगतिशील देखिने 'गणतन्त्र' देखि निर्वाचनमा करोडौँ र अर्बौं रकम चन्दा दिने, साहुमहाजन, ठेकेदार, मारवाडी र ठगहरू सिंहदरबार, संसद्, शीतल निवास र न्यायपालिकाको टुप्पोमा पुगेकै कारण 'जेन-जी' नाउँका 'नयाँ पुस्ता' को विदेशी भाषा, उपकरण र शैली प्रयोग गरी सबै राजधानी प्रदेश, जिल्ला, सहर र गाउँ-गाउँ र सरकारका हरेक संस्थाहरूको दहन भयो - काठमाडौँ उपत्यकामा घण्टाकर्णको दहनजस्तै !

'सित्तैमा पाए चुक पनि एक पाठी खाने' उखानसँग सत्तामा पुगेका सबै रङ्गका दलका नेताहरू आफ्नो गाउँ, नगर, जिल्ला र प्रदेश बिर्सेर काठमाडौँमा सके भवन र दरबार बनाउने न सके वाग्मती, विष्णुमती, मनोहरा र नदी-नाला र खोलाले छोडेका हरेक किनारा र बालुवामा टहरा बनाएर 'सुकुमवासी' बने र बनाइए । तर, ती नेताहरू, ठेकेदार, व्यापारी, सामन्त र सम्पन्न परिवारलाई आफ्नै ठाउँमा काठमाडौँ बनाउने ध्याउन्ना कहिले भएन । राष्ट्रपतिदेखि पिउन वा तल्लो सरकारी कर्मचारीमा त्यो चेत कहिले आएन । हो, काठमाडौँलाई राजधानीकै रूपमा राख्ने चेत उपत्यका विकास' का विविध नाउँका ठुलठुला इन्जिनियर र जानकारहरूले कहिले सोचेनन् र भएका सबै बजेट 'स्वाहा' गर्दै गए ।

ती ठुलाबडाहरूको मनमा कहिले पनि 'दाङलाई नयाँ राजधानी' बनाउने र देशलाई 'सन्तुलित विकास' गर्ने चेत कहिले आएन । नेपालको 'एकीकरण' मा छुटेका कामहरू २० लाख पुराना काठमाडौँ उपत्यका बासीहरूले गर्ने हो र ४० लाख बाहिरबाट आएकाहरूले 'घर बनाएर बस्ने हो' भन्ने मानसिकतालाई बदल्न सकेनन् । सदनमा एकपटक 'सिंहदरबारमा बाँदर पस्यो' भन्दा व्याख्या मागेनन् - सभामुख हुनेहरूले ।

संसद् र माथिल्ला सदनमा आएका सबै सांसदहरू बडो आ-आफ्नै उद्देश्यबाट उत्साहित भएर चम्कन्थे र पछिपछि आ-आफ्ना थैली र छन-छन गनेर फूर्तिसाथ वा अँध्यारो मन लिएर घर फर्कन्थे । काठमाडौँमै घर बनाउन भ्याएकाहरूले मनमा राखे - 'भर्खर नेपालको एकीकरण भयो !'

तर, देशलाई आफ्नै खुट्टामा उभ्याउने कल्पना कहिले गरेको देखिएन - सत्तामा धेरै वर्ष र धेरै पटक सरकारमा बस्नेहरूले ।

एउटा अचम्मको कुरा त अर्कै छ - नगरको खानेपानीको रिजरभ्वायर, गल्ली र चोक, ढल र उपचार पोखरी, दमकल, शौचालय र घर-घर तथा

बाँकी पृष्ठ ८ मा

# छात्रवृत्ति प्राप्त विद्यार्थीलाई सिफारिस पत्र वितरण




भक्तपुर, ११ असार । भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि सञ्चालन गरेको छात्रवृत्ति छनोट परीक्षामा सफल भएका विद्यार्थीहरूलाई छात्रवृत्ति सिफारिस पत्र वितरण कार्यक्रम बिहीबार भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले छात्रवृत्ति छनोट परीक्षामार्फत छनोट भएका विद्यार्थीलाई सिफारिस पत्र वितरण गर्नुका साथै छात्रवृत्ति कार्यक्रमको उद्देश्य, विद्यार्थीको जिम्मेवारी, अध्ययनमा अनुशासन तथा उपलब्ध अवसरहरूको प्रभावकारी उपयोगबारे जानकारी दिनुभयो ।

छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक गुणस्तर अग्रज पुस्ताको त्याग, समर्पण र निरन्तर मेहनतको परिणाम भएको बताउनुभयो । उहाँले छात्रवृत्ति कार्यक्रम जनताले तिरेको कर तथा अग्रजहरूको सङ्घर्ष र मेहनतको प्रतिफल भएको उल्लेख गर्दै भक्तपुर नगरपालिकाले वार्षिक ४ करोड रूपैयाँभन्दा बढी रकम छात्रवृत्तिमा खर्च गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले कक्षा ११ मा विषय छनोट गर्ने समय नै उच्च शिक्षाको बलियो जग हाल्ने समय भएकाले विद्यार्थीहरूले आफ्नो रुचि, क्षमता र भविष्यको लक्ष्यअनुसार विषय छनोट गर्नुपर्नेमा जोड दिनुभयो ।

अभिभावकको चाहना पूरा गर्नका लागि मात्र नभई आफ्नै रुचि र उद्देश्यअनुसार अध्ययन गर्नुपर्ने विचार व्यक्त गर्दै उहाँले सजिलो कामको मात्र खोजी नगरी चुनौतीहरू सामना गर्दै अघि बढ्न आग्रह गर्नुभयो ।

प्रमुख प्रजापतिले परीक्षामा धेरै अङ्क ल्याउनु मात्र सफलताको मापन नभएको उल्लेख गर्दै आगामी दिनमा शिक्षाको गुणस्तर र सिकाइ उपलब्धिलाई अझ उत्कृष्ट बनाउन विद्यार्थीहरूले मेहनत गर्नुपर्ने बताउनुभयो ।

उहाँले असल सङ्गतले व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले खराब सङ्गतबाट टाढा रही सकारात्मक सोच र व्यवहार भएका व्यक्तिहरूसँग सम्बन्ध विस्तार गर्न सुझाव दिनुभयो । शिक्षित हुनु भनेको व्यक्तिगत उन्नतिमा मात्र सीमित नभई देश र समाजका लागि योगदान गर्न सक्षम हुनु भएको बताउँदै प्रमुख प्रजापतिले समाज परिवर्तन र राष्ट्र निर्माणको भावना लिएर अध्ययन गर्न विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले छात्रवृत्ति प्राप्त विद्यार्थीहरूलाई अध्ययनमा निरन्तर मेहनत गरी उत्कृष्ट नतिजा हासिल गर्न प्रेरित गर्दै विद्यार्थीहरूले पाठ्यपुस्तकमा सीमित नभई व्यवहारिक ज्ञानसमेत हासिल गर्नुपर्नेमा जोड दिनुभयो । प्राप्त अवसरको सदुपयोग गरी सक्षम र जिम्मेवार नागरिक बन्न आग्रह गर्दै उहाँले विद्यार्थीहरूले आफ्नो धरातल, संस्कृति र समाजप्रतिको जिम्मेवारी कहिल्यै बिर्सन नहुने र सभ्य समाज निर्माणमा आफ्नो भूमिका पहिचान गरी योगदान गर्नुपर्ने उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले गुणस्तरीय उच्च शिक्षाको पहुँच विस्तारका लागि ख्वप विश्वविद्यालय स्थापनाको उद्देश्यसहित निरन्तर सङ्घर्ष गरिरहेको चर्चा गर्दै नगरपालिकाले शिक्षा क्षेत्रको विकास र विद्यार्थीहरूको उज्ज्वल भविष्यको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको पनि जानकारी दिनुभयो ।

अभिमुखीकरण कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, ख्वप माविका प्रधानाध्यापक लक्ष्मीप्रसाद कर्माचार्य, नगर शिक्षा शाखा प्रमुख साधुराम फुँयालले नगरपालिकाले प्रत्येक वर्ष योग्य तथा जेहनदार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले छात्रवृत्ति छनोट परीक्षा सञ्चालन गर्दै आएको विचार व्यक्त गर्दै छात्रवृत्ति

बाँकी पृष्ठ ८ मा

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - ३६

**प्रदर्शनका आयोजक सुदन गुरुङको बयान** :

म 'हामी नेपाल' संस्थाको अध्यक्ष भई हालसम्म सम्पूर्ण कार्य गर्दै आइरहेको छु । २०८२ भदौ २३ गते माइतीघर मण्डलामा शान्तिपूर्वक प्रदर्शन गर्न भदौ २२ गते नै जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट अनुमति लिएका थियौँ । मलगायत संस्थाका स्वयम्सेवकहरू भदौ २३ गते बिहान ७:०० बजेदेखि नै माइतीघर मण्डलामा जम्मा भएका थियौँ ।

अन्दाजी बिहान ९:०० बजे रक्षा बमसहित ४-५जनाको समूह माइतीघर मण्डलामा आएर "यो आन्दोलन तपाईंहरूको होइन,तपाईंहरू नबोल्नुस्" भने । हामीले हाम्रो खर्चमा ल्याएको माइक, स्पिकर रक्षा बमको समूहलाई हस्तान्तरण गऱ्यौँ ।

भदौ २३ गतेको कर्फ्यु घोषणाबारे म, मेरो टीम र प्रदर्शनमा आएका अधिकांश व्यक्तिलाई जानकारी भएन । किनभने, कर्फ्यु अगाडि नै सङ्घीय संसद् भवनमा खटिएका सुरक्षाकर्मीहरूबाट प्रदर्शनकारीहरूमाथि लाठीचार्ज, पानीको फोहोरा, अश्रुग्यास प्रहार भई प्रदर्शनकारीहरू घाइते हुन थालिसकेका थिए । माइतीघरमा रहेको 'हामी नेपाल' संस्थाको मेडिकल क्याम्पमा घाइतेहरूको उपचार गराइरहेको अवस्थामा संसद् भवन परिसरमा सुरक्षाकर्मीहरूबाट गोली प्रहार भई प्रदर्शनकारीहरूको मृत्यु भएको मेरो टीमले मलाई जानकारी गराउँदा मात्र थाहा पाएको हुँ ।

म सिभिल अस्पतालमा घाइतेहरूसँग भेटघाट गर्ने क्रममा

बाँकी पृष्ठ ८ मा

# के यी विषयहरु सत्य हुन् ?

- रास्वपाको महाधिवेशनमा नेतृत्व चयन प्रक्रिया बढेपछि खानपान व्यवस्थापनको लागि दैनिक ५० लाख रुपैयाँ दैनिक बढेको सार्वजनिक भयो ।
- रास्वपा महाधिवेशनमा प्रदेशसभा खारेज गर्ने प्रस्ताव पेस भएपछि मधेस प्रदेश जनता निर्वाचन प्रचारको बेला अधिकार माग्न काठमाडौँ जान नपर्ने भन्ने र दुईतिहाइ बहुमत पाएपछि प्रदेशसभा खारेज गर्ने भन्ने रास्वपाको इमानदार नभएको टिप्पणी गर्दै छन् ।
- रास्वपको महाधिवेशनमा केन्द्रीय सदस्य र पदाधिकारीमा उम्मेदवार हुनेहरूले भित्तामा आफ्नो तस्वीरसहित मत माग्ने कागज टाँसेर अपव्यय र फोहरमा पारेको सहभागीहरूले आलोचना गरेपछि केहीले सफाइ कार्यक्रम गरे ।
- रास्वपा सरकारले मन्त्रीका लागि सचिवस्तरको ३ देखि ५ जना सल्लाहकार र अन्य कर्मचारी १४ जनासम्म नियुक्ति गरी आसेपासेलाई जागीर दिने र सरकारी कोष खर्च गर्ने निर्णयबाट रास्वपाका इमानदार आम कार्यकर्ता रुष्ट भएको सार्वजनिक भयो ।
- पत्रकार ईश्वर अर्यालले चुनाव प्रचार गर्न बालेनले मालपानीको करोडौँ पर्ने गाडी प्रयोग गरेको समाचारसँगै एमाले उपाध्यक्ष पूर्वअर्थमन्त्री विष्णु पौडेललाई पनि एक करोड रुपैयाँ दिइएको उल्लेख गरेको त्यसबेला आफूलाई ज्यान मार्नेसम्म धम्की आएको बताएको अहिले सार्वजनिक भयो । उनको भनाइ थियो– "विष्णु पौडेलले मालपानीबाट सेयर लिएर दीपक भट्टलाई दिए, बालेनले मालपानीबाट गाडी लिए ।"
- सरकारबाहिर हुँदा बालेनले जनताको किचेनमा ग्याँस र गाडीमा पेट्रोलको सट्टा विद्युतीय प्रयोग बढाउनुपर्ने बताएका थिए भने सरकारभित्र पुगेपछि उनले हरेक किचेनमा इन्भटरमा पकाउने गरिए देशभरिका ट्रान्सफर्मर पड्किने संसद्मा ठोकुवा गरे ।
- स्वर्णिम वाग्लेले हिजो देउवा दम्पत्तिको गुलामी गरी काठमाडौँको २–४ ठाउँमा घरजग्गा किनेको र अहिले बालेन र रविको गुलामी गरी अर्थमन्त्री पड्काएको सार्वजनिक भयो । उनको पीएचडी कस्तो हो ? छानबिन हुनुपर्ने पनि केहीले आवाज उठाए ।

*व्यङ्ग्यचित्रको कुनो*



# बीपी राजमार्गमा पुनर्निर्मित ‘ट्रायक्’ बाट यातायात सञ्चालनको तयारी



काभ्रेपलाञ्चोक, ११ असार । पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्गको काभ्रेपलाञ्चोक-सिन्धुली खण्डमा स्थायी रूपमा थालिएको पुनर्निर्माणकार्यसँगै अबको केही दिनमै पुनर्निर्मित ट्र्याकबाटै सवारी आवागमनको तयारी भइरहेको छ । यसका लागि पछिल्ला केही महिनादेखि पुनर्निर्माणलाई तीव्रता दिँदै आइएको हो ।

पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दूरीको रूपमा रहेको उक्त राजमार्गको क्षतिग्रस्त क्षेत्रको अधिकांश स्थानमा ग्राभेलसम्मको काम तथा केही स्थानमा भने वर्षाका ठुला ढुङ्गा राखेर सडक तयार गरिरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । वर्षायामलाई मध्यनजर गर्दै पुरानै सडकमा खोलिएको ट्र्याकबाट असार दोस्रो साता अर्थात् केही दिनमै सवारीसाधन सञ्चालन गर्नेगरी तयारी भइरहेको कार्यालयका प्रमुख सुमन योगेशले बताउनुभयो । उहाँका अनुसार हाल पनि चार स्थानमा माथिबाट गाडी सञ्चालन गर्नसक्ने अवस्थामा छ भने तत्कालै पनि बाढी आयो भने माथिबाटै चलाउन सुरु गर्न सकिनेछ । बाढीपहिरोले राजमार्गको सडक क्षतिग्रस्त बनाएपछि हाल रोशी खोलामा अस्थायी डाइभर्सन बनाएर सवारी आवागमन गराउँदै आइएको छ ।

चारसयबेँसी, बोक्सीकुना, कालढुङ्गा र डालाबेँसीको एउटा खण्ड तयार भइसकेको योगेशको भनाइ छ । “यीबाहेक अन्य क्षेत्रका डाइभर्सनमा समस्या आए अब गाडी रोकिने अवस्था देखिँदैन,” उहाँले भन्नुभयो । विसं २०८१ असोजको बाढीपहिरोले राजमार्गअन्तर्गत भकुन्डेबेँसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पुर्‍याएको थियो । त्यसपछि पटक-पटकका वर्षाले सवारी सञ्चालन गर्न रोशी खोलामा अस्थायी रूपमा बनाइएको डाइभर्सन पनि बाढीले बगाउने गरेको थियो । हाल वर्षायामअघि सात मिटर उचाइसम्म सडक बनाएर ग्राभेल राख्न थालिएको छ भने वर्षापछि खोलाबाट करिब १० मिटर उचाइसम्म सडक बनाएर कालोपत्रे गरिने जनाइएको छ ।

कतिपय स्थानमा आरसिसी वालको फाउण्डेसन पूरा भई अन्य काम भइरहेको छ भने ट्र्याक निर्माण भएका सडकमा ग्राभेल हालेर सवारीसाधन सञ्चालनमा ल्याइने योगेशले बताउनुभयो । उहाँका अनुसार अहिलेसम्म असार १५ गतेदेखिनै नयाँ ट्र्याकबाट आवागमनको तयारी भइरहेको छ । उक्त क्षेत्रमा भने आउँदो आर्थिक वर्षमा कालोपत्रको काम थालिने योगेशको भनाइ छ ।

क्षतिग्रस्त चार खण्डमध्ये बाँकी एक खण्ड बर्खे खोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किलोमिटर सडक निर्माणको काम जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले पुनर्निर्माण गरिरहेको छ । जाइकाले उक्त खण्डमा माटो भरेर बोल्डर (ठुला ढुङ्गा) राख्ने काम भइरहेको जनाइएको छ । वर्षाका बेला भने यस खण्डमा खोलाबाट सवारीसाधन चलाउनुपर्ने अवस्था नभएको योगेशले बताउनुभयो । राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता गरी कामअघि बढाइएको हो ।

सम्भावित जोखिम तथा निर्माणकार्यलाई मध्यनजर गर्दै हाल पनि साँझ ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म रातको समयमा आवागमनमा भने रोक लगाइएको छ । यसअघि रोशी खोलामा बाढी आउनेबित्तिकै अस्थायी डाइभर्सन बगाउँदा राजमार्ग अवरुद्ध हुँदै आएको छ ।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो । “पुनर्निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाई समेत दुई लेनको निर्माण गरिनेछ,” योगेशले भन्नुभयो । उहाँका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ ।

डालाबेँसीदेखि चारसयबेँसीसम्म आठ दशमलव पाँच किमी सडक पुनर्निर्माणका लागि खानी-एवन-कमलजीत जेभीले रु. एक अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित) मा निर्माण गर्ने गरी ठेक्का दिइएको छ । यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव ०८ किमी सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई रु. एक अर्ब ३३ करोड ५३ लाख, नेपालथोकदेखि बर्खेखोलासम्म चार दशमलव ९० किमि सडक पुनर्निर्माणका लागि रु. ६१ करोड (भ्याटसहित) मा निर्माण गर्ने गरी खरिढुङ्गा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको छ ।

क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किमी सडकलाई जाइकाले रु. दुई अर्ब ६३ करोड बराबरको अनुदान उपलब्ध गराउने समझदारी भएको हो । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघिनै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले रु. आठ अर्ब ५० करोड स्रोत सहमति दिएको हो । जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई रु. सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई रु. एक अर्बको स्रोत सहमति दिइएको हो ।

जापान सरकारको अनुदान सहयोगमा आव २०५३/०५४ बाट विपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । ***रासस***

# मनैदेखि बिरामीको सेवा गर्ने भावना नर्सिङ शिक्षाको मूल आधार




भक्तपुर, ११ असार । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङ सङ्कायको २३ औँ ब्याचमा नयाँ भर्ना भएका नर्सिङ प्रथम वर्षका विद्यार्थीलाई लक्षित गरी अभिमुखीकरण कार्यक्रम बिहीबार सम्पन्न भयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नर्सिङ अध्ययन गर्ने विद्यार्थीले मनैदेखि बिरामीको सेवा गर्ने भावना विकास गर्नुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले नर्सहरूको शिष्ट व्यवहार, नम्र बोली र सेवामुखी सोचले बिरामीहरू खुसी हुने तथा अस्पताल र स्वास्थ्य संस्थाप्रति जनविश्वास बढ्ने बताउँदै स्वास्थ्य सेवामा प्राविधिक ज्ञानसँगै मानवीय संवेदनशीलता र सेवाभाव उत्तिकै महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो ।

उहाँले नर्सिङ कलेज भक्तपुरका जनताको लामो र कठिन सङ्घर्षको परिणामस्वरूप स्थापना भएको स्मरण गराउँदै यहाँ अध्ययन गर्ने विद्यार्थीले योग्य र जिम्मेवार नर्स बनेर समाजको सेवा गर्नुपर्ने बताउनुभयो । “तपाईंहरू राम्रो नर्स बनेर जनताको सेवा गर्न सक्नुभयो भने त्यसले भक्तपुरका जनतालाई खुसी र गौरवान्वित बनाउनेछ,” उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले कुनै पनि काम सहज नहुने भन्दै अध्ययन र पेसागत जीवनमा विभिन्न चुनौती तथा अप्ठेरा अवस्थाहरू आउने उल्लेख गर्दै यस्ता कठिन परिस्थितिमा निराश नभई आत्मविश्वासका साथ अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले देश र समाजको विकास अरू कसैले गरिदिने नभई हामी आफैले जिम्मेवारीबोधका साथ काम गरेर सम्भव हुने बताउँदै देश र समाज बनाउने जिम्मेवारी हाम्रो आफ्नै हो भन्ने भावना लिएर काम गर्नुपर्छ भन्नुभयो ।

आत्मनिर्भरता नै सम्मानपूर्ण जीवन र समुन्नत समाज निर्माणको आधार भएको उल्लेख गर्दै प्रमुख प्रजापतिले सीप, ज्ञान र मेहनतका माध्यमबाट आत्मनिर्भर बन्न विद्यार्थीलाई आग्रह गर्नुभयो । उहाँले विदेशीको सेवा गर्ने उद्देश्यले मात्र अध्ययन नगरी आफ्नै देश, आफ्नै माटो र आफ्नै समुदायको सेवा गर्ने भावनाका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नर्सिङ पेसा केवल रोजगारीको माध्यम नभई मानव सेवाको उत्कृष्ट क्षेत्र भएकाले विद्यार्थीले अनुशासन, लगनशीलता र सेवाभावलाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कलेजका प्राचार्य डा. रत्नसुन्दर लासिवाले विद्यार्थीहरू संस्थाका वास्तविक राजदूत भएको उल्लेख गर्दै नर्सिङ शिक्षामा प्राविधिक दक्षतासँगै व्यवहारिक ज्ञान र सकारात्मक आचरणको पनि उत्तिकै महत्त्व रहेको बताउनुभयो । अध्ययनको क्रममा कुनै समस्या वा जिज्ञासा उत्पन्न भए लुकाएर नराखी सम्बन्धित निकाय वा शिक्षकसँग खुलस्त रूपमा राख्न उहाँले सुझाव दिनुभयो ।

नर्सिङ विभाग प्रमुख इश्वरी डंगोलले नर्सिङ पेसामा सेवाभावसँगै अनुशासन, नैतिक आचरण तथा प्रभावकारी सञ्चार सीप अपरिहार्य हुने बताउनुभयो । उहाँले सैद्धान्तिक अध्ययनपछि प्रयोगात्मक अभ्यासका लागि विभिन्न अस्पतालमा जानुपर्ने भएकाले विद्यार्थीलाई कलेजमा नियमित उपस्थित भई अध्ययनमा सक्रिय रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा शिक्षिका मुना लवजुले पनि बोल्नुभएको थियो ।

# दिगो कृषि तथा खाद्य प्रणालीसम्बन्धी राष्ट्रिय सम्मेलन चितवनमा

नारायणगढ (चितवन), ११ असार । नेपालको कृषि तथा खाद्य प्रणालीलाई दिगो, समावेशी, जलवायु उत्थानशील र भविष्यउन्मुख बनाउने उद्देश्यका साथ चितवनको रामपुरस्थित कृषि तथा वन विज्ञान विश्वविद्यालयमा आजदेखि तीन दिने राष्ट्रिय सम्मेलन सुरु हुने भएको छ । विश्वविद्यालयअन्तर्गतको अनुसन्धान तथा प्रसार निर्देशनालयको आयोजनामा बिहीबारदेखि सुरु भई यही असार १३ गतेसम्म ‘दिगो कृषि तथा खाद्य प्रणालीसम्बन्धी राष्ट्रिय सम्मेलन’ सञ्चालन हुन लागेको हो ।

आयोजक समितिका संयोजक प्राडा निराजन भट्टराईका अनुसार तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा कृषि रूपान्तरण, खाद्य तथा पोषण सुरक्षा, जलवायु अनुकूलन, प्राकृतिक स्रोत व्यवस्थापन, पशु चिकित्सा, एक-स्वास्थ्य, चक्रीय अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता तथा डिजिटल कृषि र सामाजिक समावेशीकरणजस्ता बहुआयामिक विषयहरूमा गहन छलफल र बहस हुनेछ ।

सम्मेलनमा २० वटा प्रमुख आमन्त्रित प्रस्तुति, ७० वटा मौखिक अनुसन्धान प्रस्तुति र ४६ वटा पोस्टर प्रस्तुतिहरू समावेश हुने उहाँले जानकारी दिनुभयो । सम्मेलनमा नेपालको दिगो खाद्य प्रणाली रूपान्तरण र लैङ्गिक समानता र कृषि-पारिस्थितिकीय प्रणालीमार्फत समावेशी खाद्य प्रणाली रूपान्तरणसम्बन्धी विशेष सामूहिक सत्रहरू सञ्चालन गरिने प्राडा भट्टराईले उल्लेख गर्नुभयो ।

यसैगरी, विश्वविद्यालयको व्यवसाय विकास केन्द्र (बिजनेस इन्क्युबेसन सेन्टर) द्वारा आर्थिक तथा प्राविधिक सहयोग प्राप्त १३ वटा विद्यार्थी समूहका नवप्रवर्तनशील स्टार्टअपहरूको विशेष प्रदर्शनीसमेत गरिनेछ । प्राडा भट्टराईले कला र सामाजिक चेतनालाई कृषिसँग जोड्न चितवनको प्रख्यात रङ्गमञ्च ‘कर्मी चौतारी’ द्वारा पहिलो दिनको अन्तिम सत्रमा विशेष नाटक मञ्चन गरिने बताउनुभयो ।


विश्वविद्यालयका रजिष्ट्रार प्राडा सुवीर सिंहले नेपालको कृषि क्षेत्रले हाल जलवायु परिवर्तन, प्राकृतिक स्रोतको क्षय, श्रमिकको अभाव, युवा पलायन र खाद्य असुरक्षालगायत गम्भीर चुनौतीहरू भोगिरहेको उल्लेख गर्दै यी समस्याहरू केवल उत्पादन वृद्धि गरेर मात्र समाधान हुन नसक्ने बताउनुभयो । सम्पूर्ण कृषि तथा खाद्य प्रणालीलाई दिगो, समावेशी र उत्थानशील बनाउनु आजको आवश्यकता रहेको उहाँको भनाइ छ ।

रजिष्ट्रार सिंहले भन्नुभयो, “यो सम्मेलन केवल अनुसन्धान प्रस्तुत गर्ने औपचारिक कार्यक्रम मात्र नभई नेपालको कृषि र खाद्य प्रणालीको भविष्यका बारेमा साझा दृष्टिकोण निर्माण गर्ने राष्ट्रिय मञ्च हो ।” उहाँले यस प्रकारको सम्मेलनबाट विश्वविद्यालय, सरकार, निजी क्षेत्र, विकास साझेदार र कृषकहरूलाई एउटै थलोमा ल्याएर ज्ञान, नीति र अभ्यासलाई जोड्दै यसले नेपालको दिगो विकास लक्ष्य प्राप्ति र कृषि रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सम्मेलनमा सङ्घीय सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद्, विभिन्न विश्वविद्यालय, विकास साझेदार संस्था, निजी क्षेत्र, कृषक समूह र विद्यार्थी स्टार्टअपहरूका प्रतिनिधिहरू गरी करिब ४०० जनाको सहभागिता रहने आयोजकले जनाएको छ ।

सम्मेलनको सह-आयोजकमा नेपाल सरकारको कृषि, वन तथा वातावरण मन्त्रालय, संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन, हेफर इन्टर्नेसनल नेपाल, केयर नेपाल र वेल्टहङ्गरहिल्फे रहेका छन् । विश्वविद्यालयका उपकुलपति प्राडा होमबहादुर बस्नेतको अध्यक्षता तथा मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रको प्रमुख आतिथ्यतामा सम्मेलन सम्पन्न हुने आयोजक समितिका संयोजक प्राडा भट्टराईले जानकारी दिनुभयो । ***रासस***

## हार्दिक समवेदना



जन्म
२००१/०४/०५

स्वर्गारोहण
२०८३/०३/०६

यस दसतारा ग्रुपका साथी श्रीराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

| | | |
|---|---|---|
| रमेश लवजु | विश्वराम दुवाल | अमृत गाईजु |
| बिकेश सुवाल | अनिल दुवाल | राजकुमार मानन्धर |
| रवीन लुबंजार | राकेश भैनात्व | कृष्णसुन्दर कोजु |

## सङ्क्षिप्त समाचार

## फिफा विश्वकप २०२६ : दक्षिण अफ्रिका विश्वकपको नकआउट चरणमा प्रवेश

काठमाडौँ, ११ असार । दक्षिण अफ्रिकाले दक्षिण कोरियालाई पराजित गर्दै फिफा विश्वकप २०२६ को नकआउट चरणमा पहिलो पटक प्रवेश गरेको छ । मेक्सिकोको मोन्टेरे स्टेडियममा बिहीबार भएको समूह 'ए' अन्तर्गत अन्तिम खेलमा दक्षिण कोरियालाई १-० ले पराजित गर्दै दक्षिण अफ्रिका नकआउट चरणमा पहिलोपटक प्रवेश गरेको हो ।

दक्षिण अफ्रिकाको जितमा थापेलो मासेकोले गोल गरे । उनले खेलको ६३ औँ मिनेटमा गरेको एक गोल नै दक्षिण अफ्रिकाको निर्णायक गोल सावित भयो । चौथोपटक विश्वकप खेलेको दक्षिण अफ्रिकाले पहिलोपटक समूह चरण पार गरेको हो । यसअघि सन् १९९८, २००२ र २०१० मा विश्वकप खेलेको थियो तर समूह चरण भने पार गर्न सकेको थिएन ।

जितसँगै दक्षिण अफ्रिका समूह 'ए' मा ४ अङ्कसहित उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो । यसै समूहमा रहेको मेक्सिको समूह विजेता बन्दै नकाउट चरणमा पुगिको छ । बिहीबारै भएको अर्को खेलमा मेक्सिकोले चेकियालाई ३-० ले हराएको थियो । दक्षिण कोरिया ३ अङ्कसहित तेस्रो र चेकिया १ अङ्कसहित पुछारमा रह्यो । ***रासस***

## विश्वकप फूटबल : समूह 'सी' बाट ब्राजिल र मोरक्को नकआउट चरणमा प्रवेश

काठमाठौँ, ११ असार । ब्राजिलले स्कटल्यान्ड र मोरक्काले हाइटीलाई पराजित गर्दै फिफा विश्वकप फुटबल २०२६ को नकआउट चरणमा प्रवेश गरेका छन् । समूह 'सी' अन्तर्गत मियामी स्टेडियममा बिहीबार भएको खेलमा ब्राजिलले स्कटल्यान्डलाई ३-० ले हराउँदै समूह विजेताको रूपमा नकआउट चरणमा प्रवेश गरेको हो । तीन खेलमा ब्राजिलको ७ अङ्क छ ।

समान ७ अङ्क रहेको मोरक्को हेड टु हेडअनुसार उपविजेता बन्दै नकआउट चरणमा पुगेको हो । एटलान्टा स्टेडियममा बिहीबारै भएको खेलमा मोरक्कोले हाइटीलाई ४-२ ले पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको हो ।

स्कटल्यान्डमाथि सहज जित निकाल्दा ब्राजिलका भिनिसियस जुनियरले दुई गोल गरे भने मथेउस कुन्हाले एक गोल थपे । भिनिसियसले खेलको सातौँ मिनेटमा गोल गर्दै ब्राजिलाई पहिलो अग्रता दिलाए । त्यसैगरी, भिनिसियसले खेलको पहिलो हाफको अतिरिक्त समयमा गोल गर्दै ब्राजिलको अग्रता दोब्बर बनाए ।

खेलको ६० औँ मिनेटमा कुन्हाले गोल गर्दै बाज्रिलको अग्रता तेब्बर बनाए । त्यसपछि खेलमा थप गोल हुन सकेन र ब्राजिलको जित सुनिश्चित भयो । यससँगै समूह 'सी' बाट स्कटल्यान्ड र हाइटी विश्वककपबाट बाहिरिएका छन् । ***रासस***

## भक्तपुरमा देखियो 'बर्डफ्लु', ४८ हजार कुखुरा नष्ट

भक्तपुर, ११ असार । जिल्लामा पंक्षीमा लाग्ने 'बर्डफ्लू' पुष्टि भएको छ चाँगुनारायण र सूर्यविनायक नगरपालिकाका कुखुरा फार्ममा बर्डफ्लू पुष्टि भएपछि कुखुरा नष्ट गरिएको छ ।

बर्डफ्लू रोग कुखुरामा सरेपछि हालसम्म चाँगुनारायण २, ८ र ९ मा पालिएका ३८ हजार ७९५ कुखुराहरू नष्ट गरिएको पशु सेवा कार्यालयका पशु चिकित्सक डा. अमिक श्रेष्ठले जानकारी दिनुभयो । बर्डफ्लु रोगका कारण सुर्यविनायक १, ४ र ८ मा नौ हजार ३७८ कुखराहरू नष्ट गरिएको उहाँले जानकारी दिनुभयो । जिल्लामा ४८ हजार १७३ कुखुरा नष्ट गरेको जानकारी दिँदै उहाँले बर्डफ्लू रोग कुखुरा फार्ममा फैलिएको पुष्टि भएका फार्मका कुखुरा नष्ट गरिएको बताउनुभयो ।

## दस हजार भायल एन्टि-रेबिज खोप मौज्दात : स्वास्थ्य मन्त्रालय

काठमाडौँ, ११ असार । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको हाल करिब १० हजार भायल एन्टि-रेबिज खोप मौज्दात रहेको जनाएको छ । मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले हाल केन्द्रीय, प्रादेशिक तथा जिल्लास्तरीय अस्पतालको भण्डारमा १० हजार ११ भायल एन्टि-रेबिज खोप मौज्दात रहेको जानकारी दिनुभयो ।

उहाँका अनुसार विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा दुई हजार ५०० भायल एन्टि-रेबिज खोप प्राप्त भइसकको र थप चार हजार ५०० भायल खोप आगामी केही दिनभित्र प्राप्त हुने सुनिश्चित भएको छ ।

उहाँले देशभर आवश्यक रेबिज रोकथाम तथा उपचार सेवाको निरन्तरता सुनिश्चित गर्न मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहल अघि बढाएको छ । मन्त्रालयले स्थानीय तहलाई कुकुर तथा अन्य जनावरको टोकाइ व्यवस्थापन तथा आवश्यक खोप सेवाको सहजीकरण गर्न अनुरोधसमेत गरेको छ । मन्त्रालयले उपलब्ध खोपको व्यवस्थित वितरण तथा व्यवस्थापनमार्फत सेवाको निरन्तरता कायम राख्न सम्बन्धित निकायसँग निरन्तर समन्वय भइरहेको सहप्रवक्ता डा. अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकुमा एन्टि-रेबिज खोप करिब ४० दिनलाई पुग्ने मौज्दात रहेको रहेको बताउनुभयो । स्वास्थ्य सेवा विभागबाट नियमित खरिद प्रक्रिया सम्पन्न भएपछि खोप आपूर्ति प्रणाली पूर्णरूपमा नियमित हुने अपेक्षा गरिएको बताउनुभयो । ***रासस***



**किसानलाई वितरण गरिएको सहुलियत दरको रासायनिक मल**

दाङको घोराही उपमहानगरपालिका-१५ स्थित कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय घोराही गोदामबाट बर्खे बालीका लागि किसानलाई वितरण गरिएको सहुलियत दरको रासायनिक मल ट्याक्टरमा लोड गर्न लैजाँदै श्रमिक । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# सीमा नाकामा सहजीकरण गर्न 'बोर्डर इन्ट्रयाक्सन टीम' गठनको तयारी

काठमाडौँ, ११ असार । सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सङ्गठनलाई प्राप्त 'म्याण्डेड' अनुसार सीमा सुरक्षा, विपद् व्यवस्थापन र राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी ढङ्गबाट कार्यसम्पादन भइरहेको बताउनुभएको छ ।

सशस्त्र प्रहरी प्रधान कार्यालय हल्चोकमा बिहीबार सञ्चारकर्मीसँगको भेटमा उहाँले मौसमजन्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्य योजना निर्माण गरी सरोकारवाला निकायसँग पूर्णसमन्वयका साथ काम प्रारम्भ भइसकेको बताउनुभयो ।

महानिरीक्षक पौडेलले सीमा सुरक्षालाई विगतभन्दा थप व्यवस्थित बनाउने ढङ्गबाट काम गर्ने प्रयास गरिएको जानकारी दिनुभयो । सीमा अपराध नियन्त्रणको सन्दर्भमा जनशक्ति, प्रविधि र परिचालनको चुनौती भोग्नुपरेको उल्लेख गर्दै उहाँले परिणाममुखी कामका लागि सङ्गठन प्रतिबद्ध रहेको बताउनुभयो ।

राजस्व चुहावट नियन्त्रण सरकारको उच्च प्राथमिकतामा रहेको जानकारी दिँदै उहाँले त्यस विषयलाई सङ्गठनले आत्मसात गरेर सरकारको लक्ष्य प्राप्तिमा कटिबद्ध भएर परिचालित भएको बताउनुभयो ।

सशस्त्र प्रहरीसम्बन्धी कानुन निर्माणका प्रक्रिया अघि बढिरहेको जानकारी दिँदै महानिरीक्षक पौडेलले त्यसबाट कानुनी र नीतिगत स्पष्टता ल्याउने धारणा राख्नुभयो ।

उहाँले आर्थिक सुशासन र पारदर्शिता सरकारको मूल लक्ष्य भएको सन्दर्भमा सङ्गठनभित्रका आर्थिक पारदर्शिता र सुशासनसम्बन्धी गुनासालाई समयमै निराकरण गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिएको स्पष्ट पार्नुभयो ।

"आन्तरिक सुरक्षालाई मबजुद बनाउने गरी काम भइरहेको छ, अहिले नयाँ कुरा 'सेटअप' गर्नेभन्दा पनि भइरहेको कुराबाट कसरी उत्कृष्ट नतिजा दिने भनेर हामीले काम गरिरहेका छौँ," महानिरीक्षक पौडेलले भन्नुभयो । सरकार र जनताको अपेक्षा पूरा गर्न सशस्त्र प्रहरी बल क्रियाशील रहेका उहाँको भनाइ थियो ।

महानिरीक्षक पौडेलले पछिल्लो समय सङ्गठनको नीति, अनुसन्धान तथा योजना निर्देशनालय गठन गरी सङ्गठनका कार्य जिम्मेवारीलाई विगतभन्दा व्यवस्थितरूपमा अघि बढाउने काम थालिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रा 'म्यान्डेट' र जिम्मेवारीलाई विगतभन्दा पनि भविष्यमा कसरी उत्कृष्ट बनाउने ? हाम्रा जिम्मेवारीलाई कसरी अगाडि लैजाने ? कसरी सङ्गठनलाई विकास-विस्तार गर्ने र यसका विभिन्न आयाममा अनुसन्धान र योजना निर्माण गर्ने उद्देश्यले काम भइरहेको छ ।"

सीमा सुरक्षा तथा सीमा नाकालाई व्यवस्थित बनाउन मुख्य नाकामा 'बोर्डर इन्ट्रयाक्सन टिम' (बिआइटी) संयन्त्र गठन गर्न लागिएको जानकारी दिँदै महानिरीक्षक पौडेलले सो संयन्त्रले नाकामा समकक्षी सङ्गठनसँग समन्वय अभिवृद्धिसँगै यात्रुको आवातजावतलाई सहजीकरण गर्ने बताउनुभयो ।

महानिरीक्षक पौडेलले भन्नुभयो, "हाम्रा नाकाहरूबाट दैनिक हजारौँ जनताको आवतजावत हुन्छ, त्यहाँ कसरी सहजीकरण गर्ने, 'काउन्टर पार्ट' सँग पनि समन्वय गर्न सहज होस्, सीमा नाकामा कुनै अप्ठ्यारो नहोस् र गलत क्रियाकलाप नियन्त्रणमा सहयोग पुगोस् भन्ने हेतुले उक्त अवधारणा अघि सारिएको हो । यो अन्तिम चरणमा पुगेको छ, यसलाई 'पाइलट प्रोजेक्ट' का रूपमा केही नाकाहरूमा लागू गर्छौं ।" ***रासस***

# मनसुन प्रतिकार्यका लागि ५४ स्थानमा सशस्त्रका अस्थायी वेश

काठमाडौँ, ११ असार । सशस्त्र प्रहरी बलले मनसुनजन्य विपद् प्रतिकार्यका लागि देशका विभन्न ५४ स्थानमा अस्थायी मनसुन प्रतिकार्य वेश स्थापना गरेको छ ।

सशस्त्र प्रहरीका कार्यालयबाट विपद् उद्धारमा परिचालन हुन समय लाग्ने विपद्जन्य स्थानको पहिचान गरी अस्थायी वेश स्थापना गरिएको हो । त्यसअनुसार कोशी प्रदेशमा छ, मधेसमा ११, बागमतीमा १६, गण्डकीमा चार, लुम्बिनीमा सात, कर्णालीमा दुई र सुदूरपश्चिम प्रदेशमा आठ वटा अस्थायी वेस स्थापना भएका छन् ।

सशस्त्र प्रहरीले हिमाल, पहाड र तराईका १६ स्थानमा विपद् व्यवस्थापन वेश स्थापना गरी आवश्यक जनशक्ति र स्रोतसाधनलाई तयारी अवस्थामा राखेको छ । धनकुटा, सुनसरी, बारा, सप्तरी, धादिङ, सिन्धुली, मकवानपुर, काभ्रेपलाञ्चोक, म्याग्दी, गोरखा, दाङ, सुर्खेत, जुम्ला, डडेल्धुरा, डोटी र कैलालीमा स्थायी वेस स्थापना गरिसकेको छ ।

सशस्त्र प्रहरीका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक नेत्रबहादुर कार्कीले भन्नुभयो, "यी स्थायी कार्यालय हुन्, जुन वर्षैभरि रहन्छन् । उपलब्ध स्रोत र साधनको प्रयोग गरी विपद् प्रतिकार्य गर्नेगरी योजना बनेका छन् ।"

यसवर्षको मनसुनजन्य विपद्सँग जुध्नका लागि आठ हजार एक सय ८० सशस्त्र प्रहरी कर्मचारीलाई २४ सै घन्टा तयारी अवस्थामा राखिएको जानकारी दिँदै उहाँले यही असार मसान्तसम्म सम्पूर्ण सशस्त्र प्रहरीलाई विपद् व्यवस्थापन अनुशिक्षण तालिम प्रदान गरिने बताउनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यसवर्षको मनुसनमा सरदरभन्दा कम वर्षाको आँकलन गरिए पनि मनसुनजन्य विपद्बाट देशभर करिब ५१ हजार आठ सय ८६ घरधुरीका करिब दुई लाख २६ हजार ६६१ जनसङ्ख्या प्रभावित हुने जनाएको छ ।

प्राधिकरणका अनुसार कोशीमा ३८ हजार सात सय ३६, मधेसमा ३५ हजार ३६१, बागमतीमा ३२ हजार ८९७, गण्डकीमा २१ हजार ६४१, लुम्बिनीमा ५१ हजार ६२६, कर्णालीमा १३ हजार १७५ र सुदूरपश्चिम प्रदेशमा ३३ हजार २२७ जनसङ्ख्या प्रभावित हुने अनुमान छ ।

बाढी तथा डुबानबाट प्रभावितलाई उद्धार गर्न सशस्त्र प्रहरीसँग रहेका ८२ वटा 'र्‍याफ्ट बोट' र ५३ वटा 'मोटर बोट' तथा विशिष्टकृत तालिमप्राप्त चार हजार ७१० जना दक्ष सशस्त्र प्रहरी र १३४ गोताखोर तालिमप्राप्त जनशक्तिलाई देशभर ११ वटा जोखिमयुक्त स्थानमा आवश्यक उपकरणसहित तयारी अवस्थामा राखिएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।

**एक लाख ६८ हजार रहेको विपद् सूचक सञ्जाल तयार**

सशस्त्र प्रहरीले विपद्सम्बन्धी सूचना समयमै प्राप्त गर्ने उद्देश्यले एक लाख ६८ हजार ९५६ जना विपद् सूचक रहेको सञ्जाल तयार पारेको छ । ती सूचकले आफू नजिकको स्थानमा विपद् भएको अवस्थामा तत्कालै नजिकको सशस्त्र प्रहरीको युनिटमा सूचना दिनेछन् ।

सशस्त्र प्रहरीले विपद्का समयमा उद्धारका लागि सूचना प्रवाह गर्न सहज होस् भन्ने उद्देश्यले 'एपिएफ-कम्युनिटी अलर्ट सिस्टम' (एपिएफ-सिएएस) प्रणाली सञ्चालनमा ल्याएको छ । सो प्रणालीबाट हरेक बाहिनी तहमा रहेको परिचालन कक्षमा तत्काल सूचना प्राप्त हुने र शीघ्र परिचालनका लागि आदेश दिइने प्रवक्ता कार्कीले जानकारी दिनुभयो । ***रासस***

। सम्पादकीय ।

# महाअधिवेशन भद्रगोल, अव्यवस्थित र नेतृत्वको होडबाजी

निश्चित सिद्धान्त र विचार नबोकेको राजनीतिक दलको प्रस्ट विचार नहुनु र देशलाई मार्ग निर्देशन गर्न नसक्नु अस्वाभाविक होइन । दलको सिद्धान्त र विचार नै प्रस्ट छैन भने त्यो दलको सरकारले देशलाई मार्ग निर्देश गर्न सक्दैन । दलको स्पष्ट दृष्टिकोण नभएकै कारण रास्वपाले लिएको ‘संवैधानिक समाजवाद’को अवधारणाको खासै प्रचार हुन नपाउँदै ‘सामाजिक लोकतन्त्र’ भनी अर्को बाटो रोज्यो । दलले ‘संवैधानिक समाजवाद’ के हो भन्ने कुरा आफ्ना नेता तथा कार्यकर्ता र जनतालाई सुसूचित नपार्दै रोजेको ‘सामाजिक लोकतन्त्र’ पनि कुन दर्शन, सिद्धान्त र विचारबाट प्रभावित छ भन्ने कुरा आफ्ना दलका नेता, कार्यकर्ता र जनतालाई कसरी स्पष्ट पार्ने हो ? जनताले यसलाई कसरी बुझ्ने हुन् ? त्यो हेर्न बाँकी नै छ ।

असार १० गतेको ‘गोरखापत्र’ दैनिकमा लेखियो, ‘रास्वपाको सिद्धान्त ‘सामाजिक लोकतन्त्र ।’ पार्टीले ‘सामाजिक लोकतन्त्र’ लाई सैद्धान्तिक आधार मानेको छ । तर, कुन सैद्धान्तिक आधार प्रस्ट छैन । के सामाजिक प्रजातन्त्रले पार्टीको वैचारिक र राजनीति दिशा निर्देश गर्ला ? पार्टीले केको आधारमा ‘संवैधानिक समाजवाद’ को अवधारणा ल्यायो र केको आधारमा त्यो समाजवाद छोडेर ‘सामाजिक प्रजातन्त्र’ को अवधारणा ल्यायो ? प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र, विधिको शासन, जनउत्तरदायी सरकार, लोककल्याणकारी राज्य, समन्यायिक समावेशी समाजको स्थापना पार्टीको सैद्धान्तिक आधार होइन, त्यो सरकारको चाहना हो । दलको कुनै सैद्धान्तिक आधार या दर्शन व्यक्तिले मनखुसी तयार गर्ने हो या दलले तयार गर्ने हो ? ‘संवैधानिक समाजवाद’ र ‘सामाजिक प्रजातन्त्र’ कुन नेताले ल्याएका हुन् ? त्यो अवधारणा पारित गर्न दलमा छलफल गर्नु आवश्यक छ कि छैन ? चर्चाको विषय बनेको छ ।

असार ८ गते प्रकाशित ‘नेपाल समाचारपत्र’ दैनिकमा ‘रविकेन्द्रित पार्टीबाट संस्थाकेन्द्रित पार्टी यात्राको सुरुआत होस् ।’ भन्ने शीर्षकको समाचार छापियो । समाचारमा रास्वपा रवि लामिछानेको लोकप्रियतामा टिकिरहने पार्टी हो कि संस्थागत आधारमा चल्ने पार्टी हो भन्ने प्रश्न उठाइयो । नेका, एमाले र माओवादी नेताकै कारण प्रचार भए पनि संस्थागत गर्न नसक्दा या दल देश र जनताप्रति जिम्मेवार नहुँदा समयसँगै पतन भयो या निर्वाचनमा नमज्जासँग हारियो । यसरी नै रास्वपाको पनि त्यही गति हुने हो कि भन्ने प्रश्न राजनीतिक विश्लेषकहरूले गर्न थालेका छन् । पार्टीको सम्पूर्ण राजनीतिक ऊर्जा व्यक्तिमा केन्द्रित हुन्छ भने पार्टीको विकास कसरी हुन्छ ? गएको फागुन २१ गतेको निर्वाचनमा रास्वपाले बहुमत ल्याउन सक्नुको कारण रास्वपाको पार्टीको विचार बुझेर, अध्ययन गरेर होइन । त्यसबेलाका  शासकहरू देश र जनताकेन्द्रित भएनन्; सत्ताको निम्ति जुनसुकै दलसँग भागबन्डा गर्ने, दलगत र व्यक्तिगत स्वार्थ पूरा गर्ने र देश र जनताप्रति जवाफदेही नभएको र देशलाई कमाउने धन्धा बनाएका कारण जनतामा व्यापक असन्तोष थियो र परिणामत: निर्वाचनमा नसोचेझैँ हार भयो ।

रास्वपाका नेता र रास्वपामार्फत संसद्मा निर्वाचित सांसदहरू खासै राजनीतिमा भिजेका, सिद्धान्त र विचारको राजनीति गरेका सांसदहरू होइनन् । एकातिर दलको सिद्धान्त र विचार नै स्पष्ट छैन भने अर्कोतिर दलका नेता, मन्त्री र सांसदहरू सिद्धान्त र विचारबाट भिजेका होइनन् । यहीँ कारण रास्वपाको पहिलो महाधिवेशनको बन्द सत्रमा दल र पार्टीको निर्वाचन आयोगको विरोधमा नाराबाजी भयो । पार्टीको महाधिवेशन प्रतिनिधिमा विभेद भयो, भएको प्रतिनिधिको नामै काटियो; आफ्नो मनपरेको केन्द्रीय सदस्यमा निर्वाचित गर्न झूटको राजनीति भयो भनेर महाधिवेशन प्रतिनिधिहरूले आक्रोश पोखे । कति प्रतिनिधिहरूले त महाधिवेशन व्यवस्थित गर्न नसक्नेले देश कसरी सञ्चालन गर्ला भनी प्रश्न उठाए ।

पार्टी सभापतिले पार्टीमा गुट उपगुट नबनाउन आग्रह गरे पनि महाधिवेशनमा स्पष्टत: बालेन र रवि समूह देखापरेको स्वयं पार्टी महाधिवेशनका प्रतिनिधिहरूले खोले । महाधिवेशनका प्रतिनिधिहरू खुला प्रतिस्पर्धा गर्न पाउँछन् भनी पार्टीका नेताहरूले खोके पनि सोअनुसार व्यवहारमा नदेखिएकोमा प्रतिनिधिहरू असन्तुष्ट देखिए । असन्तुष्टहरूले प्रश्न उठाए, महाधिवेशन प्रतिनिधिहरूको नाउँ कसले किन काट्यो ? महाधिवेशन प्रतिनिधिहरूको सूची नमिलेर या आ-आफ्नो पक्षका नामहरू थप्न बन्द सत्र एकदिन सारिएको हो भन्ने प्रश्न पनि उठ्यो । असार ११ गतेको ‘नागरिक’ दैनिकमा ‘रास्वपा महाधिवेशन: प्रतिनिधि विवादले भद्रगोल’ शीर्षकको समाचार छापियो । मङ्गलबार नै नयाँ नेतृत्व चयन गर्ने पूर्वकार्यतालिका रहे पनि बुधबार रातिसम्म पनि प्रतिनिधिको टुङ्गो लाग्न नसक्दा महाधिवेशन भद्रगोल बन्न पुगेको हो । महाधिवेशन भद्रगोल र व्यवस्थापनमा कमजोरी देखिएकोले प्रतिनिधिहरू असन्तुष्ट भए । सोही दिनको ‘अन्नपूर्ण पोस्ट’ दैनिकमा ‘नीति ओझेलमा, नेतृत्वमा हानथाप’, शीर्षकको समाचार छापियो । रास्वपाको महाधिवेशन पनि अरु ठुला दलको पार्टीको जस्तै नेतृत्वमा केन्द्रित भएको अनुभूति महाधिवेशन प्रतिनिधिहरूले गरे ।

महाधिवेशनमा सिद्धान्त, विचार र मार्ग निर्देशनबारे खासै बहस नै भएन; पार्टीको राजनीतिक, सङ्गठनात्मक प्रतिवेदनहरू खासै छलफल नगरी पारित भएको दलकै कार्यकर्ताहरूले असन्तोष व्यक्त गरे । कान्तिपुर दैनिकले लेख्यो, ‘सङ्घीयताबारे लामिछाने र वाग्लेको प्रस्वावमै अन्तरविरोध ।’ पार्टी सभापति रवि लामिछाने र उपसभापति स्वर्णिम वाग्लेले प्रस्तुत गरेको दुई दस्ताबेजमा सङ्घीयताबारे एउटै मत नभएको विश्लेषण गरियो । भद्रगोल व्यवस्थापनले महाधिवेशन प्रतिनिधिले अनावश्यक सास्ती खानुपरेको कुरा सञ्चारमाध्यममा आयो । महाधिवेशनकै क्रममा यसअघि भएको प्रदेश, नगर र गाउँपालिकाको सम्मेलनमा पनि कुटपिट भएको थियो । यसरी रास्वपाको पहिलो महाधिवेशन भद्रगोल, अव्यवस्थित, नेतृत्वको लागि होडबाजी भएको स्पष्ट भयो ।

# अमेरिकाको छद्म सैन्य बजेट

● जिजेला सेर्नाडस, डेभिड भाइन र जोन बेलामी फोस्टर

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आर्थिक वर्ष २०२७ का लागि १५ खर्ब डलरको सैन्य बजेट प्रस्ताव गरेका छन् । गत वर्ष २०२६ को घोषित बजेटको तुलनामा यो ४४ प्रतिशत बढी हो । अमेरिकाको आधुनिक इतिहासमा सैन्य बजेटमा एकाएक ५ खर्ब डलरको वृद्धि अभूतपूर्व हो । सैन्य बजेटले यो वर्ष १० खर्ब (ट्रिलियन) छोयो भनी प्रचार गर्नु गलत छ । अमेरिकी सैन्य बजेटले १० खर्ब डलर पार गरेको धेरै वर्ष भयो । राष्ट्रपति ट्रम्पले यो वर्ष सैन्य खर्चमा ५ खर्ब डलर थपेको बताए । *(यसमध्ये २ अर्ब डलर सम्भवत: इरान युद्धका लागि भनेर थपिएको हो ।)* उनको कुरा सही हो भने यो वर्ष अमेरिकी सैन्य बजेट खासमा २० देखि ३० अर्ब डलर पुगेको छ ।

डेभिड भाइन, जोन बेलामी फोस्टर र जिजेला सेर्नाडसले (POGO, Project On Government Oversight मा) लेखेको नयाँ रिपोर्टअनुसार मिडियामा व्यापक प्रचार भइरहेको अङ्कभन्दा धेरै ठुलो छ अमेरिकाको वास्तविक सैन्य बजेट । पाँचवटा फरक विधिशास्त्रको प्रयोग गरेर लेखिएको सो रिपोर्टअनुसार सन् २०२५ मा अमेरिकाको कुल सैन्य खर्च १५ देखि १८ अर्ब डलरसम्म थियो । सैन्य ऋणमा लाग्ने ब्याजदर पनि जोड्ने हो भने त्यो २३ खर्बसम्म पुगेको देखिन्छ । उक्त रिपोर्टअनुसार अमेरिकी सैन्य खर्चले १० खर्ब डलर नाघेको धेरै वर्ष भइसक्यो । जब कि आम जनमानसमा यसबारे ठुलो भ्रम फैलाइएको छ ।

POGO को अध्ययनमा हार्टुङ/स्मिथबर्जर विधिबाट गरिने सैन्य खर्चको गणना सबैभन्दा बढी छ । सो विधिअनुसार अमेरिकाको सैन्य बजेट १७,६६,१७,२०,००,००० डलर हुन्छ । ह्वीलर विधिअनुसार १७,२७,६३,३४,००,००० डलर हुन्छ । USAspending.gov का अनुसार १७,१७,९८,९५,०९,६४३ डलर हुन्छ । सेर्नाडस/फोस्टर र राष्ट्रिय प्राथमिकता प्रोजेक्टले अपनाएको विधिबाट क्रमश: १४,९४,२३,६१,२५,००० र १४,७७,०८,१०,००,००० डलर आउँछ । यसमा ब्याजको रकम पनि थप्ने हो भने सेर्नाडस/फोस्टरको विधिबाट २२,८४,३८,३८,४२,४६८ डलर हुन आउँछ भने राष्ट्रिय प्राथमिकता प्रोजेक्टको विधिबाट १७,१३,२८,३१,६०,०६० डलर हुन आउँछ । प्रोजेक्टको गणना विचाराधीन खर्चमा केन्द्रित छ र यसले अनिवार्य खर्चलाई बाहिर राखेको छ । तर, सेर्नाडस/फोस्टरको हिसाबमा अनिवार्य खर्च पनि जोडिएको हुनाले बढी यथार्थपरक छ ।

अमेरिकी संसद्, राष्ट्रपति र पेन्टागन (ट्रम्पको युद्ध मन्त्रालय) ले अमेरिकी सैन्य बजेटको वास्तविक आकारबारे जानाजान ढाँट्न थालेको दशकौँ वर्ष भइसक्यो । यो झूटमा पत्रकार, विज्ञसमूहका विश्लेषक र विद्वानहरूले पनि साथ दिँदै आएका छन् । यथार्थ लुकाउन उनीहरूले सैन्य बजेटको थोरै हिस्साबारे मात्र चर्चा गर्छन् । यस्तो चर्चा पनि बिरलै सुनिन्छ । धेरैलाई त यो छलछामबारे अत्तोपत्तो छैन ।



परम्परागत रिपोर्टिङमा एउटा समस्या छ । संसद्ले विनियोजन गरेको पेन्टागनको वार्षिक बजेटभन्दा बाहिर पनि खरबौँ डलर खर्च हुन्छ । यो कुरा त्यो रिपोर्टिङमा पर्दैन । सिप्री (SIPRI, Stockholm International Peace Research Institute) जस्तो विश्वभरि हुने सैन्य खर्चको तथ्याङ्क राख्ने संस्थाले पनि पेन्टागनबाहिर हुने खर्च आदिलाई बेवास्ता गरेको छ ।

यस्तै अर्को ठुलो उदाहरण हो - आणविक अस्त्रमा हुने खर्च । आर्थिक वर्ष २०२५ को कूल खर्चमा आणविक खर्चको हिस्सा साढे ३३ अर्ब डलर थियो । आणविक बललाई अमेरिकी सेनाले नियन्त्रण र तैनाथ गर्छ । तर, आणविक हतियारखानाको मर्मतसम्भार र आधुनिकीकरणका लागि पेन्टागनले नभई ऊर्जा मन्त्रालयले पर्याप्ट बजेट निकासी गर्छ ।

अर्को ठुलो लुकेको खर्च पूर्वलडाकु र अवकाश प्राप्त सैनिकहरूमा जान्छ । पेन्सन, स्वास्थ्य सेवा, अपाङ्ग सहुलियत, राहत कोषलगायत विभिन्न दीर्घकालीन खर्चको निकासी पेन्टागनले नभई पूर्वलडाकु मामिला मन्त्रालयले गर्छ । अन्य सङ्घीय निकायहरूले पनि यो खर्च व्यहोर्दै आएका छन् । सैन्य बल र लडाइँ जारी राख्नकै लागि यी खर्च गरिने हो । तर, अमेरिकी सैन्य बजेटहरूमा यी र यस्ता खर्चहरू समावेश गरिँदैन ।

यी दुई खर्चबाहिर स्वदेश रक्षा मन्त्रालय, विदेश मन्त्रालयलगायत निकायहरूको बजेटमा पनि सेनासम्बन्धी खर्च जोडिएको पाइन्छ । देशको रक्षाका लागि भनेर विदेशी सरकारहरूलाई दिइने सैन्य सहयोगले पनि सैन्य क्षमता नै बढाउने हो । तर, यो खर्च पनि आधिकारिक सैन्य बजेटमा पर्दैन ।

अझ अर्को महत्त्वपूर्ण मुद्दा ऋण लिएर सेनालाई वित्तपोषण गर्नु हो । सन् २००१ सेप्टेम्बर ११ पछि अमेरिकाले युद्धको लर्को नै लगायो । युद्ध खर्च धान्न उसले जनतालाई कर लगाउनेभन्दा पनि अचाक्ली ऋण लिन थाल्यो । त्यसैले कतिपय विश्लेषकले सन् २००१ पछिका युद्धहरूलाई ‘क्रेडिट कार्ड युद्ध’ भन्ने गर्छन् । लिएको ऋणमध्ये कति खर्च सैन्य गतिविधिमा जान्छ भन्ने भन्ने विषयमा जानकारहरूबिच मतभेद छ । तर, यो खर्चलाई जोड्ने हो भने सन् २०२५ मा मात्र अमेरिकी सैन्य खर्च २० अर्बभन्दा बढी पुग्ने निश्चित छ । कम्तीमा केही आकलन विधिले यही भन्छन् ।

लेखकहरूले अपनाएका परिभाषा र स्रोतहरूमा केही भिन्नता भए पनि सबै पाँच विधिको निष्कर्ष उस्तै छ । त्यो के भने राष्ट्रपति ट्रम्पले प्रस्ताव गरेको सैन्य बजेटमा सेना र युद्धलगायत क्षेत्रमा अमेरिकाले गर्ने वास्तविक खर्चलाई कम देखाइएको छ । त्यसैले, व्याख्यामा मतभेद हुनु मूल समस्या होइन, बरु सैन्य खर्चलाई अनेक निकायहरूमा बाँडेर टुत्र्याउने पुरानो परिपाटी समस्याको मूल जड हो ।

प्रजातान्त्रिक जवाफदेहिताका लागि वास्तविक सैन्य खर्चलाई बुझ्न जरुरी छ । सरकारी कोषलाई कसरी निकासी गरिएको छ भन्ने विषयमा अधुरो जानकारी दिँदा नागरिकहरूले राष्ट्रिय प्राथमिकताबारे प्रभावकारी बहस गर्न सक्दैनन् । सैन्य गतिविधिसँग जोडिएको खर्च विवरणलाई विभिन्न मन्त्रालयबिच बाँड्दा नागरिकहरूलाई शिक्षा, आवास, पूर्वाधार, स्वास्थ्य सेवा वा जलवायु परिवर्तनको सामनाजस्ता क्षेत्रमा कति प्राथमिकता दिइएको छ भनी तुलना गर्न सकस पर्छ ।

अमेरिकाले सैन्य गतिविधिहरूमा बर्सेनि १७ देखि २३ खर्ब डलरसम्म खर्च गर्दै छ भने यसमा अझै रकम थप्ने प्रस्ताव राख्नुलाई अझ फराकिलो यथार्थसँग जोड्नु आवश्यक छ । यो वृद्धि पेन्टागनको बजेटमा मात्र नहुन सक्छ ।

पेन्टागनको लेखा परीक्षण वा हिसाब-किताबको अभ्यास अस्पष्ट छ । उसले आफ्नो वित्तीय अडिट अनुमोदन गराउन सकेको छैन । त्यसैले, सैन्य खर्चको पूर्ण विवरणमा अन्योल कायम छ । सर्वसाधारण र संसद् सदस्यहरूले सैन्य बजेटबारे पूर्ण विवरण पाउनुपर्छ । त्यसपछि मात्र उनीहरूले गैरसैन्य एवम् आफ्ना आवश्यकताका क्षेत्रमा छुट्याइएको खर्चसँग सैन्य बजेटको आकारलाई दाँजेर विश्लेषण, छलफल र बहस गर्न सक्नेछन् ।

खर्चको सही विवरण प्रदान गर्न अमेरिकी संसद्ले बजेट बनाउने प्रणाली नै फेर्नुपर्ने हुन्छ । सबैखाले सैन्य तथा युद्ध खर्चलाई एकै ठाउँमा जोड्दै एउटा सग्लो र सही तथ्याङ्क राखेर वास्तविक कुल सैन्य बजेट निकाल्नुपर्छ । संसद्ले सैन्य खर्चलाई अन्य निकाय वा मन्त्रालयको बजेटमा घुसाएर टुक्र्याउने र लुकाउने परिपाटी बन्द गर्नुपर्छ । अमेरिकी संसद्ले सटिक तथ्याङ्क दिनुपर्छ । उसले त्यसो नगर्दासम्म मिडिया र विश्लेषकहरूले अधुरा तथ्याङ्कहरूबारे सुगा-रटान गर्न बन्द गर्नुपर्छ । अमेरिकाले सेना र युद्धमा गर्ने वास्तविक खर्चबारे उनीहरूले जनतालाई सही तथ्याङ्क मात्र दिनुपर्छ ।

*(जिजेला सेर्नाडस अर्जेन्टिनी अर्थविद् हुन् । उनी सान मार्टिन विश्वविद्यालयमा अध्यापन गर्छिन् । डेभिड भाइन अमेरिकन विश्वविद्यालयका पूर्वप्रोफेसर हुन् । जोन बेलामी फोस्टर अमेरिकाको अरेगन विश्वविद्यालयमा कार्यरत समाजशास्त्री हुन् ।)*

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***

# इरानलाई दुई दिनअघि मात्र प्रवेश अनुमति दिँदै अमेरिका !

**अली हार्ब**

(तर इरानले शनिबार इजिप्टविरुद्धको तेस्रो समूह चरणको खेल लगत्तै अमेरिका छोड्नुपर्नेछ ।)

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले इजिप्ट विरुद्धको विश्वकपको अन्तिम समूह चरणको खेल हुनुभन्दा दुई दिनअघि मात्र इरानी फूटबल टोली (टीम मेली) लाई देशमा आउन अनुमति दिएको छ । यसले गर्दा इरानी टोलीको अमेरिका बसाइँ एक दिन थप भएको छ ।

खेलपछि भने टीमलाई रातभरभन्दा बढी अमेरिकामा बस्न अनुमति दिइने छैन । गृह सुरक्षा विभाग (DHS) ले मङ्गलबार पुष्टि गऱ्यो ।

“जून २६ मा सियाटल (वासिङटन राज्य) मा हुने इरानी टोलीको तेस्रो खेलको लागि दुई दिनअघि अमेरिका आउन अनुमति दिइएको छ” । विभागका प्रवक्ताले अल जजीरालाई भने ।

विभागले यो निर्णय गर्नुका कारणहरू भने स्पष्ट पारेन । तर, यो निर्णय युद्धविराम सम्झौता र कूटनीतिक वार्ताको बिचमा तेहरान र वासिङटनबिचको तनाव कम हुँदै गएको अवस्थामा मेल खाएको देखिन्छ ।

“इरानी टोलीले खेल समाप्त हुने दिन भने अमेरिका छोड्नुपर्नेछ । समग्र सुरक्षा उपाय र प्रोटोकल उस्तै छन्” गृह सुरक्षा विभागका प्रवक्ताले भने ।

“हामी खेलाडी, कर्मचारी र प्रशंसक सबैका लागि सम्भव भएसम्म सुरक्षित प्रतियोगिता प्रदान गर्न प्रतिबद्ध छौँ” उनले थपे ।

इरानी खेलाडी र खेलकुद अधिकारीहरूले अमेरिकी आयोजकले टीमलाई गरेको व्यवहारको निन्दा गरेका छन् । इरानी टोलीले अमेरिकाको पश्चिम तट ( West Coast) मा समूह चरणका तीनवटै खेल खेल्न परे पनि आफ्नो आधार शिविर भने मेक्सिकोमा स्थापना गर्नुपरेको थियो ।

अमेरिकी अधिकारीहरूले इरानी टोलीमाथिको प्रतिबन्ध सुरक्षासँग सम्बन्धित रहेको सुझाव दिएका छन् । तर, अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध खेलाडीहरूको अमेरिका बसाइँले कसैको लागि कसरी खतरा निम्त्याउन सक्छ भन्ने विवरण सार्वजनिक भने गर्न सकेन ।

गतहप्ता, इरानी प्रशिक्षक अमिर घलेनोईले आफ्नो टोलीलाई ‘सम्पूर्ण विश्वकपमा सबैभन्दा उत्पीडित टोली’ भनेर वर्णन गरे ।

खेलको अघिल्लो दिन यात्रा गरेको कारण इरानी टोलीले प्रशिक्षण सत्रहरू गुमाउनु परेको छ । खेल सकिएलगत्तै अमेरिका छोड्नुपर्ने आदेशले उनीहरूको खेलपछिको रिकभरी कार्यक्रम (Post-match recovery programme) लाई पनि असर गरेको छ, घलेनोईले सुझाव दिए ।

गत हप्ता लस एन्जलसमा न्युजिल्यान्डविरुद्ध इरानको उद्घाटन खेलअघि, घलेनोईले भनेका थिए कि अमेरिकी यात्रा निर्देशिकाले टीमको लागि चुनौती सिर्जना गरिरहेको छ ।

“यस प्रकारको व्यवहारले फूटबलको भावनामा नकारात्मक असर पार्नेछ । हामी जिते पनि, हारे पनि, यो एक कठिन अनुभूति हो ।” घलेनोईले पत्रकारहरूलाई भने ।

धेरै प्रशंसक र अधिकारकर्मीहरूले इरानी टोलीप्रति अमेरिकाको व्यवहार र विश्वकप वरिपरि ट्रम्प प्रशासनको बृहत् यात्रा नीतिहरूको पनि आलोचना गरेका छन् ।

प्रतियोगिताअघि पनि अमेरिकाले प्रतियोगितामा भाग लिन तय भएका पुरस्कार-विजेता सोमाली रेफ्री ओमार आर्टनलाई प्रवेश गर्न अस्वीकार गरेको थियो ।

इजिप्टसँगको खेलमा इरान दुई खेलबाट दुई अङ्कसहित मैदान उत्रिनेछ । जितले इरानलाई अन्तिम ३२ मा स्थान सुनिश्चित गर्नेछ । तर, अन्य समूहका खेल नतिजाहरूमा निर्भर हुँदै बराबरीले पनि पर्याप्त हुन सक्ने सम्भावना छ ।

इजिप्टको चार अङ्क छ र यदि उसले जित्यो भने समूहको शीर्ष स्थानमा रहने ग्यारेन्टी गर्नेछ । इजिप्टले बराबरी खेलेर पनि नकआउट चरणमा छनोट हुन सक्नेछ । साथै हारे पनि सम्भवत: यो चरण पार गर्नेछन् तर त्यो भने अन्य टीमका नतिजाहरूले निर्धारण गर्नेछ ।

प्रत्येक समूहबाट शीर्ष दुई टोली (२४ वटा टीम) अर्को चरण (अन्तिम ३२) मा छनोट हुनेछन् । साथसाथै तेस्रो स्थान हासिल गर्ने १२ मध्ये; थप ८ उत्कृष्ट टोली भने प्वाइन्ट, गोल अन्तर, निष्पक्ष खेल (Fairplay) र फिफा वरियताका आधारमा छनोट हुनेछन् ।

*अलजजीरा*

# अफ्रिकी स्वतन्त्रता आन्दोलनका योद्धा तथा कम्युनिस्ट नेता क्रिस हानी –१



दक्षिण अफ्रिकी उपनिवेशवादविरोधी स्वतन्त्रता सङ्घर्षका नेता एवं दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीका महासचिव क्रिस हानीको वास्तविक नाम मार्टिन टेम्बिसिली (Martin Tembisile) थियो। उनको जन्म सन् १९४२ मा साबालीली भन्ने गाउँको ट्रान्सकेइमा भएको थियो। उनका पिताको नाम गिल्बर्ट हानी र माताको नाम मेरी हानी थियो। गिल्बर्ट एक मजदुर थिए भने मेरी एक किसान थिइन्। गिल्बर्ट र मेरीका तीन भाइछोरामध्ये क्रिस माइलो थिए।

क्रिसको जन्मथलो दुर्गम र विपन्न थियो। महिलाहरू पानी खोज्न पाँच किलोमिटर टाढा जानुपर्थ्यो। त्यति टाढाबाट ती महिलाहरू टाउकामा पानीको भाँडो बोकेर फर्कन्थे। एउटा साबुन र एक किलो चिनी किन्न पनि गाउँलेहरू १५ किलोमिटरसम्म हिँड्नुपर्थ्यो। मानिसहरू अशिक्षित थिए।

क्रिस औपचारिकरूपमा गाउँकै प्राथमिक विद्यालयमा भर्ना हुनुअघि उनकी फुपूले उनलाई साँवा अक्षर, अङ्क र केही बालगीत सिकाइन्। त्यसले पछि उनलाई विद्यालयमा अरू विद्यार्थीको तुलनामा अब्बल बन्न सहयोग मिल्यो। एकजना लेखकसँगको अन्तर्वार्तामा आफ्नो विगत सम्झँदै क्रिसले भनेका छन्, 'मलाई सम्झना छ, मैले कथा पढेको देखेर प्रधानाध्यापक मख्ख परेका थिए। तर, वास्तवमा मैले त्यो कथा कण्ठस्थ पारेको थिएँ र किताबै नहेरी म सबै शब्द- शब्द सुनाउँथेँ।'

क्रिसको घर र विद्यालयको दूरी दुई घण्टाको थियो। हरेक दिन उनी दुई घण्टा विद्यालय पुग्न र दुई घण्टा फर्कन खर्चिन्थे। विद्यालयबाट फर्केपछि क्रिस आफ्ना साथीहरूसँग मिलेर गोठाला जान्थे। गोठालाहरू गधामा चढ्थे। उनीहरू फुटबल खेल्थे। क्रिस भने लठ्ठी जुधाउनमा पोख्त थिए। उनका बालसखा माहोलीली छोम्बेनीले आफ्नो विगत सम्झँदै भने, "उनी त्यसमा यति सिपालु थिए। हामीमध्ये कोही त उनीसँग डराउँथे। तर, उनी ज्यादै शिष्ट थिए। उनका लागि सबभन्दा महत्त्वपूर्ण कुरा विद्यालय बन्ने गर्थ्यो। केटीहरूप्रति उनको रूचि थिएन। उनी अरू केटाहरूले केटी जिस्काएको हेरिरहन्थे।" क्रिस सानैदेखि किताब भनेपछि हुरुक्क थिए। कक्षा ५ को परीक्षामा उनले सो क्षेत्रका ३७ वटा विद्यालयका विद्यार्थीमध्ये सबभन्दा उत्कृष्ट नतिजा ल्याएका थिए।

मानवीय क्षमता र मानिसहरूका समस्याप्रति चिन्तन गर्ने बानीका कारण उनी बाल्यकालमा ईसाई धर्मप्रति आस्थावान बने। उनी पादरीहरूका निःस्वार्थी जीवनपद्धतिबाट प्रभावित बने। उनी हरेक आइतबार बिदाको दिन गिर्जाघर जान्थे। गिर्जाघरको काममा सघाउँथे। तर, क्रिसका माता-पिता ईसाई धर्मावलम्बी थिएनन्। उनीहरू अफ्रिकाकै मौलिक धर्म मान्थे। क्रिसको जीवनमा पछिसम्म धर्मको प्रभाव रह्यो। सन् १९६० मा कम्युनिस्ट पार्टीको सदस्य बन्दासम्म उनी गिर्जाघरका नियमित सदस्य थिए। उनले एउटा अन्तर्वार्तामा धर्मप्रति आफ्नो परिपक्व बन्दै गएको धारणा यसरी व्यक्त गरेका थिए, 'मेरा लागि पार्टी र गिर्जाघर परिपूरक संस्था थिए। म यिनीहरूबिच कुनै विरोधाभास पाउँदिनथेँ। तर, जसै समय बित्दै गयो मैले गिर्जाघर काला वर्णका जनताको सामाजिक र आर्थिक प्रगतिप्रति असंवेदनशील बनेको देखेँ। जब कि बाइबलले त्यसको ठीकविपरीत भनेको छ।

त्यतिबेला (कम्युनिस्ट) पार्टी र अफ्रिकी राष्ट्रिय काङ्ग्रेस (एएनसी) ले गरिब जनताका दुःखलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै थिए र सन् १९६२ सम्ममा धर्मप्रति मेरो निष्ठा कमजोर बन्दै गएको थियो। मृत्युपछि सुन्दर जीवनका आश्वासन र बाँचिरहेको जीवनका दुःखप्रतिको बेवास्ताबिचको विरोधाभासले मेरो मन मस्तिष्कमा भूकम्प गयो। त्यही वर्ष म एमके (अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको दस्ता) मा भर्ती भएँ र गिर्जाघरमा मेरो सक्रियता क्रमशः घट्दै गयो। छोटकरीमा म के निष्कर्षमा पुगेँ भने जनताका दुःख हरण गर्न म संलग्न पार्टीले गिर्जाघरले भन्दा धेरै बढी काम गरिरहेको छ।

त्यस समय मैले ईश्वरको अस्तित्वमाथि प्रश्न उठाएँ, 'यदि ईश्वरको अस्तित्व भए जनताको दुःखमा उनी के गर्दै बसे ?'

म धर्म मान्दिनँ तर म धर्मलाई दर्शनको रूपमा बुझ्दछु, विश्व ब्रह्माण्डका रहस्यहरू उद्घाटन गर्न खोज्ने महत्त्वपूर्ण काममा संलग्न अरू धर्मनिरपेक्ष वा भौतिकवादी दर्शनजस्तै। मलाई लाग्छ, "म धर्मभित्र रहँदाभन्दा यतिबेला धर्मको मर्म मैले बढी बुझेको छु।"

जिगुदु प्राथमिक विद्यालय र काला (Cala) माध्यमिक विद्यालयको अध्ययन पूरा गरेपछि हानी १४ वर्षको उमेरमा सन् १९५६ मा एलिसको लभदेल कलेजमा पढ्न गए। लभदेल कलेजबाट त्यतिबेला रङ्गभेदविरोधी स्वतन्त्रता आन्दोलनको केन्द्रमध्येको एक फोर्ट हेयर विश्वविद्यालय नजिक थियो। हिँडेर पन्ध्र मिनेटमा पुगिन्थ्यो।

एलिसमा हानी र उनीजस्ता न्यून आर्थिक अवस्थाका विद्यार्थीको जीवन त्यति सहज थिएन। एलिस रेल स्टेसनबाट फर्नेबित्तिकै आर्थिकरूपमा सम्पन्न परिवारका विद्यार्थी ट्याक्सी चढेर आफ्नो गन्तव्य पुग्थे। तर, हानीको निम्ति त्यसरी जान सम्भव थिएन। गधाले चलाउने टाङ्गा नै उनीहरूको सहारा बन्थ्ये।

एलिस चिसो ठाउँ हो। हिउँजत्तिकै चिसो पानीले नुहाइधुवाइ गर्नुपर्थ्यो। फलामको चिसो खात र उष्ट्रिएका परालका सुकुलबाहेक छात्रावासको कोठामा केही थिएन। एलिसको हावापानी चिसो भए पनि त्यहाँको राजनीतिक हावापानी सधैँ त्यातो हुन्थ्यो।

सन् १९५७ मा युवा लिगको लभदेल एकाइका प्रमुख सिमन केकेनाले हानीलाई अफ्रिकी राष्ट्रिय काङ्ग्रेसमा सदस्य बनाए। केकेना त्यतिबेला स्वतन्त्रता सङ्घर्षको मुखपत्र 'नयाँ युग' पत्रिकाका स्थानीय प्रतिनिधि पनि थिए। काङ्ग्रेसको सदस्य बन्नुअघि नै हानी एकता आन्दोलन र त्यसको युवा सङ्गठन 'अफ्रिकी युवा समाज' (The Society of Young Africa– SIYA) का विचारबाट प्रभावित भए। सो सङ्गठनले काला जातिमाथि गोरा जातिको शोषणको मूलकारण पुँजीलाई औँल्याउँथ्यो। तथापि, त्यो सङ्गठनले कुनै ठोस गतिविधि नगरेकोमा हानी असन्तुष्ट थिए। अन्यायविरुद्धको युद्ध दिमागमा मात्र रहे। त्यसको कुनै अर्थ नहुनेमा उनको दृढ मत थियो। तसर्थ, उनी उतिबेला सक्रिय अफ्रिकी राष्ट्रिय काङ्ग्रेसमा आबद्ध बने।

सदस्यता दिन उम्मेदवारले आफ्नो अनुशासन र प्रतिबद्धता देखाउन केही गरेर देखाउने चलन थियो। केकेनाले एक साँझ उनलाई त्यस्तै एउटा निर्देशन दिए। निर्देशनअनुसार दुश्मन खेमाको एकजना व्यक्तिका कपडा राखिएको गन्हुङ्गो बाकस खुसुक्क ल्याएर कहीं जलाउनुपर्थ्यो। १६ वर्ष उमेरका किशोर हानीको लागि भूमिगत गतिविधिको स्वाद चाख्ने त्यो पहिलो अवसर थियो।

त्यो समयमा दक्षिण अफ्रिकाको ठाउँ-ठाउँमा रङ्गभेद र अन्यायविरुद्ध सङ्घर्ष चर्किरहेको थियो। सन् १९५० दशकको पछिल्लो वर्षमा दक्षिण अफ्रिकाका रङ्गभेदी प्रधानमन्त्री एचएफ भिर्वोरेड (HF Verwoerd) सत्तासीन भए। उनले बान्टु स्वशासन कार्यान्वयन ऐन-४६ (१९५९) मा प्रस्तावित अवधारणाअन्तर्गत हानीको गाउँ ट्रान्सकेईलाई 'फरक विकासको नमुना' बनाउने घोषणा गरे। सोअनुसार काला जातिका मानिसलाई आफू जन्मी- हुर्की आएको जमिन जोत्न दिइने तर त्यसको स्वामित्व कायम नरहने बनाइयो। पछि त्यसलाई 'बान्टुस्तान' भन्न थालियो। ग्रामीण जनतालाई डुबाउने यो कदमविरुद्ध विख्यात कम्युनिस्ट पत्रकार गोभान बेकी (ब्यबल :दभपष) ले सङ्घर्ष छेडे। पोर्ट एलिजाबेथबाट प्रकाशित हुने 'नयाँ युग' पत्रिकाले त्यो सङ्घर्षलाई साथ दियो।

'नयाँ युग' र दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको विचारप्रधान पत्रिका 'अफ्रिकी कम्युनिस्ट' बारे हानीको कलेजका विद्यार्थीहरू छात्रावासमा, बगैँचाको रूखमुनि बसेर छलफल गर्थे। सन् १९५८ मा बम हमलाबाट 'नयाँ युग' को कार्यालय ध्वस्त पार्दा विद्यार्थीहरू आक्रोशित बनेका थिए।

सन् १९५६ को डिसेम्बर ५ मा १ सय ५६ जना गोरा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसका सदस्य एवं समर्थकको गिरफ्तारीसम्बन्धी कानुनी सङ्घर्षले पनि तत्कालीन स्वतन्त्रता आन्दोलनलाई टेवा पुऱ्यायो। अन्ततः ४ वर्षपछि सरकार पराजित भयो र स्वतन्त्रता आन्दोलनका योद्धाहरू सरकारलाई झुकाउन सफल भए।

सन् १९५७ को अलेक्सान्द्र बस बहिष्कार आन्दोलन त्यतिबेलाका चर्चित सङ्घर्षमध्ये पर्दछ। अलेक्सान्द्रको बस चढ्न काला जातिका मानिस कम्तीमा २० किमि हिँड्नुपर्दथ्यो। काला जातिका जनता बस्ने ठाउँ यातायातको सुविधाबाट वञ्चित गरिएको थियो। यो रङ्गभेदी सहरी योजनाको प्रतीक अलेक्सान्द्रमा बस चढ्न हजारौँ सहरका बासिन्दा बहिष्कारमा उत्रे। 'नयाँ युग' ले यो आन्दोलनको पक्षमा प्रचारप्रसार गऱ्यो।

सन् १९५७ को बेथल कृषि मजदुर काण्डबारे पनि 'नयाँ युग' पत्रिकाले लेख-रचना र समाचार प्रकाशित गरेको थियो। कालान्तरमा पूर्व त्रान्सभाल क्षेत्रका कृषि मजदुरहरूमाथिको चर्को शोषण आलु बहिष्कार आन्दोलनसम्म विकास भयो। क्रान्तिकारी कृषि मजदुर गिर्ट सिबान्डेको नेतृत्वमा रगत बगाएर उमारेको बेथालको आलु बहिष्कार आन्दोलन देशैभरि सल्कियो। दसौँ हजार काला तथा काला जातिका जनता यो सङ्घर्षमा सहभागी बने।

हानीजस्ता जोशिला युवाहरूका निम्ति त्यतिबेलाका आदर्श गाबी (Gqabi) बनेका थिए। सन् १९६० को किसान विद्रोहमा गाबीले एकजना पत्रकारको रूपमा किसानहरूका जीवनको अन्तरङ्ग बुझेर निराशाजनक परिस्थितिमा उनीहरूका मित्र बने। यो किसान विद्रोहमाथि शासक वर्गले नराम्ररी दबायो। १६ जना किसानको हत्या भयो। धेरैलाई हतास मनस्थितिमा पुऱ्याएको थियो। गाबीको पछि हत्या भयो।

बेकीका प्रभावशाली र जनपक्षीय लेख-रचनाले कानुनी हैसियत प्राप्त अफ्रिकी राष्ट्रिय काङ्ग्रेस र गैरकानुनी दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीलाई संयुक्तरूपमा अघि बढाउन सहयोग पुऱ्याएको थियो।

सन् १९५९ को विश्वविद्यालय शिक्षा विस्तार ऐन - ४५ अनुसार फोर्ट हेयर विश्वविद्यालयलाई एउटा संस्थामा मात्र सीमित गर्ने निर्णयविरुद्ध फोर्ट हेयर र लभदेलका युवाहरू सङ्घर्षको अर्को मोर्चामा तम्सिए। सङ्घर्ष र समयले हानी र उनका सहपाठीहरूलाई धेरै कुरा सिकायो, बहसहरू पेचिला बन्दै गए। सन् १९५९ अप्रिलमा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसबाट टुक्रिएर रोबर्ट सोबुक्वेको नेतृत्वमा अखिल अफ्रिकी काङ्ग्रेस (The Africanist Congress– PAC) गठन गरियो। यसले गरिब मजदुर वर्गबिच सङ्गठनलाई जोड दियो। सुरूमा यसप्रतिको आकर्षण र विस्तार व्यापक भए पनि पछिसम्म दिगो रहन सकेन। दस वर्षको अन्तरालमा यो पार्टी छिन्नभिन्न बन्यो।

लभदेलमा क्रिस हानीको दिनचर्या कष्टकर थियो। उनीसँग जम्मा भएको एक जोर जुत्ता र एउटा ज्याकेट थियो। अरूका सुकिला लुगा अगाडि हानीको भेषभूषा नराम्रो थियो। 'तर, त्यो मेरो लागि महत्त्वपूर्ण कुरा थिएन। मुख्य कुरा त मेरो शिक्षा थियो', हानीले भने।

लभदेलमा प्रशासनले विपन्न विद्यार्थीहरूमाथि भेदभावपूर्ण व्यवहार गर्थ्यो। गरिब विद्यार्थीलाई कमसल खाना दिइन्थ्यो। छात्रावासमा यस्तो पक्षपातविरुद्ध हानीले साथीहरूसँग मिलेर विरोध गरे। त्यस्ता विरोध कार्यक्रममा उनीहरू अल्बर्ट लुथुली र कङ्गोका सहिद प्याट्रिस लुमुम्बाका गीत गाउँथे। कलेजभित्र एकातिर काला र गोराबिचको रङ्गभेद थियो भने अर्कोतिर पैसा भएका र नभएकाबिच पनि विभेद थियो। गोरा जातिका शिक्षकहरू काला जातिका शिक्षकहरू बसेको ठाउँभन्दा अलग अलि उठेको ठाउँमा खाना खान्थे। पैसा भएका विद्यार्थीहरूले हरेक दिन मासु, घिउसँग रोटी र अन्न मिसाएको दूध खान्थे। कतिले हप्ताको तीन दिन मासु खान्थे। तर, हानीसँग एकजोर अर्को लुगा किन्नसमेत पैसा थिएन। कलेजको व्यस्त तालिकाबिच शुक्रबार बेलुकी उनी आफ्नो ज्याकेट भिजाउँथे र शनिबार धोएर सुकाउँथे।

सन् १९५८ को अन्त्यतिर हानीले लभदेलमा आफ्नो पढाइ सकाए। अङ्ग्रेजी, जोसा (अफ्रिकी भाषा), ल्याटिन, इतिहास, गणित र स्वास्थ्य उनका विषयहरू थिए। त्यही वर्ष अक्टोबरमा उनी फोर्ट हायरमा कानुन सङ्कायमा भर्ना भए। फोर्ट हायर कलेजमा नेल्सन मण्डेला, ओलिबर टाम्बो, गोभान बेकी, रोबर्ट सोबुक्वे, रोबर्ट मुगाबे, क्वेट्ट मासिर, कासियर माताम्जिमा र माङ्गोसुथु बुथिलिजी आदि चर्चित व्यक्तित्वहरू पढेका थिए।

फोर्ट हायर कलेजमा क्रिस हानी मध्यम खालका विद्यार्थी थिए। सोचेजस्तो राम्रो नतिजा परीक्षामा हासिल गर्न उनले सकेनन्। विश्वविद्यालयका विद्यार्थी नेतृत्वमध्ये हानी सबभन्दा कान्छो भए। तापनि, उनको प्रभाव राम्रो थियो, विद्यार्थी तथा मजदुरबिच सङ्गठन गर्नमा उनी पोख्त थिए। नारा जुलुस एवं प्रतिबन्धित पर्चा वितरणमा उनी सदैव अगाडि हुन्थे। भूमिगत सूचना सम्प्रेषणमा उनी सिद्धहस्त थिए।

त्यहीबेला दक्षिण अफ्रिका बाहिर गोप्यरूपमा ६ महिना तालिम लिन १० जना प्रतिभावान कार्यकर्ता छनोट गर्ने निर्देशन जारी भयो। हानीले आफू नजाने बताए। त्यसताका उनी मार्क्सवादको गम्भीर अध्ययनमा जुटेका थिए। साम्यवादी सिद्धान्तप्रति उनको लगाव बढ्दै थियो। राष्ट्रिय मुक्ति र वर्गसङ्घर्ष एक-अर्कासँग अन्तरसम्बन्धित हुने सिद्धान्तप्रति उनको मत बलियो र स्पष्ट बन्दै थियो।

एक दिन गोभान बेकी फोर्ट हायर आए। विद्यार्थीहरूले भूमिगत सङ्गठन संरचना निर्माण र विस्तारको लागि सहयोग गर्न अनुरोध गरे। त्यसैक्रममा उनले हानीलाई दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीको सदस्यता प्रदान गरे। (पुरानो कम्युनिस्ट पार्टी विघटनपछि सन् १९५३ मा नयाँ दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टी गठन गरिएको थियो।)

सन् १९६० मा अफ्रिकी राष्ट्रिय काङ्ग्रेसमाथि ठूलो सङ्कट आइपर्‍यो। सापभिल्ले र लाङ्गामा मार्च २१ मा भएको नरसंहारमा ७० भन्दा बढी मानिस मारिनुका साथै २ सयजना घाइते भए। प्रधानमन्त्री भिर्वोरिडले श्वेत आतङ्क फैलाएको थियो। पश्चिमा देशहरूले उनीमाथि कूटनीतिक दबाव दिए पनि उनले टेरपुच्छर लगाएका थिएनन्। त्यही वर्ष राष्ट्रिय काङ्ग्रेसमाथि भिर्वोरिडले प्रतिबन्ध लगायो। त्यसपछि काङ्ग्रेसका नेता-कार्यकर्तामाथिको यातना, जेल सजाय, मानवअधिकार हननको क्रम अझ बढ्यो। काङ्ग्रेसको नीति परिवर्तनमा चौतर्फी माग आयो, सशस्त्र प्रतिरोध गर्नुपर्ने हानीजस्ता युवाहरूको मत बलियो थियो। यसैबिच सन् १९६१ डिसेम्बर १६ मा काङ्ग्रेसको सशस्त्र दस्ता एमके (MK) गठन भयो। यद्यपि, कतिपय पार्टी नेताहरू भने सशस्त्र सङ्घर्षबारे असहज महसुस गर्दै थिए। तत्कालीन परिस्थितिबारे हानीले भने, '...... तर त्यो गम्भीर प्रश्न, समीक्षा र आत्ममूल्याङ्कनको समय थियो, दुवै काङ्ग्रेस र कम्युनिस्ट पार्टीमा।'

नेल्सन मण्डेला एमकेका कमान्डर इन चिफ थिए। एमकेको घोषणापत्रमा लेखिएको थियो, "जनताको प्रतिरक्षाको अग्रभागमा एमके रहनेछ। सरकार र सरकारका जातीय दमनविरुद्ध जनताको लड्ने अस्त्र हुनेछ- एमके। यो मुक्ति, अधिकार र अन्तिम मुक्तिका लागि जनताको बलियो शक्ति हुनेछ।"

एमकेलाई स्थानीय भाषामा Umkhonto we Sizue भनिन्थ्यो। स्थापनाकालदेखि एमके जातिवादी थिएन। कमान्डर मण्डेला प्रस्ट थिए, 'अफ्रिकी राष्ट्रिय काङ्ग्रेसको नेतृत्वले सधैँ काला दक्षिण अफ्रिकी जनतालाई हिंसा प्रयोग नगर्न सिकाए। तर, यसले केही उपलब्धि भएन। यसको अर्थ हाम्रा समर्थकहरू यो नीतिप्रति सशङ्कित हुन थालेका छन् .....।'

हानीले एमकेको सैनिक नियम ज्यादै मन पराए। नियममा लेखिएको थियो, "Umkhonto जनताको युद्ध लड्दै गरेको जनताको सेना हो। यसमा हाम्रा जनताका सबभन्दा उत्पीडित, सबभन्दा शोषितका छोराछोरी समावेश छन्। यसकारण, हामी गौरव र सत्यका साथ दाबी गर्छौं : Umkhonto यो देशको हतियार हो।"

एमके स्थापना भएकै दिन यसको पहिलो सशस्त्र कारबाही सुरू भयो। एमकेका प्राविधिक इन्जिनियर डेनिस गोल्डबर्गले दुईवटा बम बनाएका थिए। एउटा बमको समय दिने औजारले काम गरेन भने अर्को बम राख्न जाँदा उनी गिरफ्तारमा परे। प्रहरी पहिले नै उनलाई त्यस स्थानमा कुरिबसेका रहेछन्।




*- मजदुर किसान, पूर्णाङ्क १६ बाट*

# भेनेजुयला भूकम्प अपडेट : सयौँको मृत्यु



काराकास, २५ जून (एपी) । भेनेजुयलामा बुधबार साँझ आएको शक्तिशाली भूकम्पमा कम्तीमा सयौँको मृत्यु भएको तथा ७०० जना घाइते भएको कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले जानकारी दिनुभएको छ । उद्धार तथा खोजी अभियान जारी रहेकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने चेतावनी पनि उहाँले दिनुभएको छ । देशका विभिन्न क्षेत्रमा ७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्प आएपछि दर्जनौं भवनहरू भत्किएका छन् भने आपत्कालीन टोलीहरू प्रभावित क्षेत्रमा उद्धार तथा राहत कार्यमा खटिएका छन् ।

कार्यवाहक राष्ट्रपति रोड्रिगेजका अनुसार ला गुआइरा राज्य सबैभन्दा बढी प्रभावित भएको छ । उहाँले उक्त क्षेत्रले गम्भीर मानवीय सङ्कटको सामना गरिरहेको बताउनुभयो । उहाँका अनुसार धेरै भवनहरू ध्वस्त भएका छन् र भग्नावशेषमा फसेका मानिसहरूको उद्धारका लागि सुरक्षाकर्मी तथा आपत्कालीन टोलीहरू निरन्तर परिचालन गरिएका छन् ।

रोड्रिगेजले ला गुआइरालाई विपद् प्रभावित क्षेत्रका रूपमा वर्णन गर्दै जीवन रक्षा अहिले सरकारको प्रमुख प्राथमिकता रहेको बताउनुभयो । उहाँले उद्धारकर्मीहरू कठिन परिस्थितिमा मानिसहरूको ज्यान बचाउन निरन्तर प्रयासरत रहेको उल्लेख गर्नुभयो । सरकारले प्रभावित क्षेत्रमा राहत तथा उपचार सेवालाई तीव्र बनाएको छ भने क्षतिको वास्तविक विवरण सङ्कलन गर्ने कार्य पनि जारी रहेको जनाइएको छ ।

# एमओयूसँग विरोधाभास पूर्ण अभिव्यक्ति सार्वजनिक नगर्न इरानको आह्वान

तेहरान, २५ जून (सिन्ह्वा) । इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले अमेरिकी सरकारलाई भर्खरै हस्ताक्षर गरिएको इरान-हमेरिका शान्ति समझदारी ज्ञापनपत्र (एमओयू) सँग विरोधाभास पूर्ण अभिव्यक्ति दिनबाट टाढा रहन आह्वान गर्नुभएको छ ।

उहाँले सामाजिक सञ्जाल एक्समार्फत टिप्पणी गर्दै एमओयूको प्रावधानको सम्बन्धमा अमेरिकी अधिकारीहरूले गरेको 'विरोधाभासी' बयानहरूको निन्दा गर्नुभएको छ । उहाँले यस्ता टिप्पणीले इरानीहरूको 'सञ्चित अविश्वास' लाई कम गर्न मद्दत नगरी केवल विगतका प्रतिज्ञाहरूको उल्लङ्घनको सम्झना दिलाउने काम गर्ने चेतावनी दिनुभएको छ ।

बाघाईले अमेरिकी सरकारले इरानी राष्ट्रपतिको आचरणमा शङ्का गरे तापनि इरानले संयुक्त राज्य अमेरिकासँग अटल विश्वासमा कूटनीतिक प्रक्रियामा प्रवेश गरी एमओयूमा हस्ताक्षर गरेको विषयमा जोड दिनुभएको छ ।

विगत पाँच दशकका अनुभवहरू र अघिल्लो १८ महिनाको घटनाक्रमलाई ध्यानमा राख्दै एउटा एमओयूमा हस्ताक्षर गरेर शत्रुता अन्त्य नहुने विषयमा इरानीहरू जानकार रहेको समेत उहाँले बताउनुभएको छ ।

इरान र संयुक्त राज्य अमेरिकाले लेबनानसहितका क्षेत्रमा युद्ध अन्त्य गर्ने उद्देश्यका साथ एमओयूमा जून १८ मा हस्ताक्षर गरेका थिए ।

इरानको आणविक कार्यक्रममा अन्तिम सम्झौता र देशविरुद्धको प्रतिबन्ध हटाउनका लागि एमओयूअन्तर्गत, दुई देशहरूले ६० दिनभित्र वार्ता गर्ने विषयमा सहमत भएको जनाइएको छ ।

# इरान युद्धमा ८७ अर्ब डलर माग

वासिङ्टन, २५ जून (सिन्ह्वा) । इरानसँगको युद्धका कारण बढ्दो सैन्य खर्चका बिच ह्वाइट हाउसले अमेरिकी कङ्ग्रेससँग ८७ अर्ब ६० करोड अमेरिकी डलरको अतिरिक्त बजेट माग गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको इरान नीति र युद्ध व्यवस्थापनमाथि कङ्ग्रेसमा विवाद चर्किरहेका बेला आएको यो प्रस्तावले नयाँ राजनीतिक बहस पनि सिर्जना गरेको छ ।

ह्वाइट हाउसको व्यवस्थापन तथा बजेट कार्यालयले बुधबार कङ्ग्रेसलाई पठाएको पत्रमा इरानसँग सम्बन्धित 'अपरेसन एपिक फ्युरी' का तत्काल आवश्यकताका साथै अफ्रिकामा फैलिएको इबोला प्रकोप नियन्त्रण र अमेरिकी किसानलाई सहयोग गर्न अतिरिक्त बजेट आवश्यक रहेको जनाएको छ ।

प्रस्तावित रकममध्ये करिब ७० अर्ब डलर रक्षा मन्त्रालयलाई छुट्याइएको छ । यो रकम सैन्य तयारी, सैनिक कर्मचारीको खर्च, युद्धका क्रममा प्रयोग भएका हतियार तथा सामग्रीको पुनः भण्डारण, सञ्चालन खर्च र गोप्य कार्यक्रमहरूका लागि प्रयोग गरिने जनाइएको छ ।

यस अतिरिक्त बजेट प्रस्तावमा अमेरिकी किसानहरूलाई सहयोग गर्न ११ अर्ब डलर तथा अफ्रिकामा फैलिएको इबोला प्रकोप नियन्त्रणका लागि एक अर्ब ४० करोड डलर पनि समावेश गरिएको छ ।

प्रशासनले वासिङ्टन डीसी र आसपासका पुनर्निर्माण तथा पूर्वाधार आयोजनाका लागि ५० करोड डलर र न्युयोर्कस्थित पेन स्टेसनको नवीकरण कार्य सम्पन्न गर्न थप एक अर्ब डलर माग गरेको छ ।

यद्यपि, इरानसँगको युद्धप्रति जनसमर्थन कमजोर बन्दै गएका बेला यो खर्च प्रस्तावले कङ्ग्रेसमा कडा चुनौती सामना गर्ने देखिएको छ । दुवै दलका केही सांसदहरूले युद्धसम्बन्धी थप खर्चप्रति असन्तुष्टि जनाउँदै आएका छन् ।

यसैबिच अमेरिकी सिनेटले मङ्गलबार इरानसम्बन्धी युद्ध अधिकार प्रस्ताव पारित गर्दै कङ्ग्रेसको स्वीकृतिबिना राष्ट्रपति ट्रम्पलाई थप सैन्य कारबाही सुरु गर्न नपाउने व्यवस्था गरेको छ । फेब्रुअरीको अन्त्यदेखि सुरु भएको द्वन्द्वपछि पहिलोपटक यस्तो प्रस्ताव कङ्ग्रेसका दुवै सदनबाट पारित भएको हो ।

सिनेटमा केही रिपब्लिकन सांसदहरूले पनि डेमोक्रेटहरूसँग मिलेर मतदान गरेपछि राष्ट्रपति ट्रम्पले उनीहरूको आलोचना गर्नुभएको छ । सामाजिक सञ्जालमार्फत उहाँले ती चार रिपब्लिकन सिनेटरलाई 'हारेका व्यक्ति' भन्दै उनीहरूले आफ्नो काम कठिन बनाएको टिप्पणी गर्नुभएको थियो । उहाँले चुनौतीका बाबजुद आफ्नो योजना अघि बढाउने बताउनुभएको छ ।

# केही हप्ताभित्र स्ट्रेट अफ होर्मुजमा फसेका अधिकांश जहाजहरू खाली गर्ने : आईएमओ

लन्डन, २५ जून (सिन्ह्वा) । अन्तर्राष्ट्रिय समुद्री सङ्गठन (आईएमओ) ले नयाँ निकासी ढाँचाअन्तर्गत आगामी केही हप्ताभित्र होर्मुजको र वरपर फसेका अधिकांश जहाजहरू खाली गर्ने आशा गरेको आईएमओका महासचिव आर्सेनियो डोमिङ्गेजले बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको सामुद्रिक एजेन्सी आईएमओले मङ्गलबार होर्मुजको जलमार्ग वरपरको पानीमा फसेका चालकहरूका लागि निकासी योजना घोषणा गरेको थियो ।

क्षेत्रीय देशहरू र उत्पादन उद्योगकाहरूसँगको समन्वयमा सञ्चालित अपरेसनले चलिरहेको सङ्कटबाट प्रभावित करिब ६०० वटा जहाजहरूमा सवार करिब ११ हजार चालकदलका सदस्यहरूको सुरक्षित प्रस्थानलाई सहज बनाउने अपेक्षा गरिएको डोमिङ्गेजले बताउनुभएको छ ।

निकासी बढाउन दैनिकजसो काम गरिरहेको उल्लेख गर्दै आगामी केही हप्ताहरूमा अधिकांश जहाजहरू खाली गर्न सक्षम हुने आशा उहाँले व्यक्त गर्नुभएको छ ।

पर्सियन खाडीलाई ओमानको खाडीसँग जोड्ने स्ट्रेट अफ होर्मुज विश्वको सबैभन्दा धेरै रणनीतिक महत्त्व बोकेको समुद्री नाकामध्ये एक हो भने यसलाई विश्वव्यापी ऊर्जा व्यापारको मुख्य सिमानाको रूपमा लिने गरिन्छ । हालैको सङ्कटको अवस्थामा २० हजारभन्दा बढी चालकदलका सदस्यहरू होर्मुज वरपरको पानीमा फसेको तथा व्यापारिक जहाजहरूमा भएको आक्रमणले कम्तिमा १४ जनाको ज्यान गएको जनाइएको छ ।

उहाँले जटिल सुरक्षा अवस्थालाई ध्यानमा राख्दै अपरेसन सावधानीपूर्वक र चरणबद्ध रूपमा अगाडि बढ्नुपर्ने बताउनुभएको छ । वैकल्पिक जल मार्ग मध्यको उत्तरी भागमा इरान र दक्षिणी भागमा ओमानद्वारा सञ्चारित मार्गहरूमार्फत जहाजहरू निर्देशित भइरहेको जनाइएको छ भने । ओमान र आईएमओले संयुक्त रूपमा जारी गरेको सूचना यस हप्ताको सुरुमा लागु भएको जनाइएको छ ।

डोमिङ्गेजका अनुसार जहाजहरूलाई उनीहरूको निकासी आवश्यकता, तिनीहरू कति लामो समयदेखि फसेका छन् र पर्सियन खाडीमा तिनीहरूको स्थानअनुसार व्याचहरूमा समूहीकृत गरिएको छ, भने जलमार्ग पार गर्ने अनुमति दिनुअघि तोकिएको होल्डिङ क्षेत्रहरूमा अगाडि बढ्न निर्देशन दिइएको छ ।

समय परिस्थितिअनुसार जहाजहरूलाई सम्पर्क गरी स्वतन्त्र रूपमा जलमार्गको प्रयोगको लागि समन्वय गरिने डोमिङ्गेजले बताउनुभएको छ ।

आईएमओ प्रमुखले सङ्गठनले इरान र ओमानलगायत यस क्षेत्रका सबै तटीय राज्यहरू, साथै संयुक्त राज्य अमेरिका, बेलायत र फ्रान्सजस्ता देशहरूसँग व्यापक परामर्शमा संलग्न भएको खुलासा गर्नुभएको छ । यी कोरिडोरहरू स्थापना गर्न आवश्यक सुरक्षा ग्यारेन्टीहरू प्राप्त गरेको समेत उहाँले बताउनुभएको छ ।

डोमिङ्गेजले संयुक्त राज्य अमेरिका र इरानबिच जारी कूटनीतिक सम्पर्कहरूको प्रशंसा गर्दै उनीहरूले तनाव कम गर्न मात्र नभई विश्वको सबैभन्दा महत्त्वपूर्ण जलमार्गमा पारवहन पुनर्स्थापना गर्न पनि योगदान गरेको बताउनुभएको छ ।

डोमिङ्गेजले सङ्कटले एकपटक फेरि भूराजनीतिक द्वन्द्वमा फसेका चालकदलका सदस्यहरूले सामना गर्ने कठिनाइ र कमजोरीलाई उजागर गरेको बताउनुभएको छ ।

उहाँले विगत चार महिनादेखि द्वन्द्वमा फसेका निर्दोष चालक तथा चालकदलका सदस्यहरूका लागि हानिकारक र दुःखद भएको बताउनुभएको छ ।

डोमिङ्गेजले सङ्कटका कारण सबैभन्दा बढी प्रभावित विश्वभरका चालकहरूले रातो सागरदेखि कालो सागर र अहिले स्ट्रेट अफ होर्मुजसम्म बढ्दो भूराजनीतिक तनावको परिणाम भोगिरहेको बताउनुभएको छ ।

कुनै पनि भूराजनीतिक द्वन्द्वमा ढुवानीलाई बन्धकको रूपमा प्रयोग गरि निर्दोषहरूलाई दुःख दिन नहुने बताउँदै डोमिङ्गेजले चालक तथा चालक दलका सदस्यहरूको प्रशिक्षण र सुरक्षासँग सम्बन्धित सवालहरू विश्वमा प्रमुख विषय भएको बताउनुभएको छ ।

# अमेरिकी आप्रवासी हिरासतको मृत्युदर दशककै उच्च : अधिकार समूह

न्युयोर्क, २५ जून (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासीहरूविरुद्धको कडा कदमको बिचमा अध्यागमन र भन्सार प्रवर्तन (आईसीई) हिरासतमा मृत्यु वरण गर्ने व्यक्तिको सङ्ख्या एक दशककै उच्च स्तरमा पुगेको जनाइएको छ ।

सन् २०२५ जनवरीमा ट्रम्पको दोस्रो कार्यकाल सुरु भएदेखि आईसीई हिरासतमा कम्तिमा ५२ जनाको मृत्यु भएको 'ह्युमन राइट्स वाच' र 'फिजिसियन्स फर ह्युमन राइट्स' को संयुक्त प्रतिवेदनले पुष्टि गरेको छ ।

ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा अवैध आप्रवासन नीतिलाई उच्च प्राथमिकता दिएसँगै अमेरिकी अधिकारीहरूले हजारौं मानिसहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

सन् २०२५ जनवरी देखि सन् २०२६ को जनवरीसम्म, आईसीई हिरासतमा वार्षिक मृत्यु दर एक वर्षअघिको तुलनामा १४० प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ ।

मृत्युदर ट्रम्पका पूर्ववर्ती जो बाइडेनको शासनकालमा भन्दा लगभग चार गुणा र सन् २०१७ देखि २०२१ सम्म रिपब्लिकनको पहिलो कार्यकालको तुलनामा दुई गुणा बढी रहेको प्रतिवेदनले जनाएको छ ।

हिरासतमा मृत्युदर उच्च स्तरमा बढेको प्रतिवेदनको सह-लेखक एचआरडब्लु अनुसन्धानकर्ता रेगन विलियम्सलाई उद्दृत गर्दै एएफपीले जनाएको छ ।

हिरासतमा रहेका एक जना व्यक्तिलाई नजरबन्दमा स्ट्रोक भएको भए पनि उपयुक्त औषधि उपचार नगरिएको विषयलाई प्रतिवेदनमा साभार गरिएको छ ।

यसैगरी, अर्को उदाहरणका लागि एक जना मेक्सिकनको हृदयघातपछि आवश्यक उपचारको अभावमा मृत्यु भएको उल्लेख गरिएको छ ।

प्रतिवेदनमा आप्रवासन हिरासत केन्द्रहरू बढ्दै जाँदा, चिकित्सा सेवामा कमी आएको जनाइएको छ ।

हार्वर्ड मेडिकल स्कूलकी बालरोगकी सहायक प्राध्यापक र प्रतिवेदनकी सह-लेखिका क्याथरिन पिलरले आईसीई बन्दीहरूलाई सुरक्षा दिन अमेरिकी सरकार असफल भएको बताउनुभएको छ ।

# डुङ्गा र एलपीजी ग्यासको ट्याङ्करबिच ठक्कर : छ जनाको उद्धार, दुई बेपत्ता

सियोल, २५ जून (सिन्ह्वा) । दक्षिण-पूर्वी दक्षिण कोरियामा तरल पेट्रोलियम ग्यास (एलपिजी) बोकेको ट्याङ्करसँग माछा मार्ने डुङ्गा ठोकिएर भएको दुर्घटनामा परेका पीडित छ जना माझीलाई उद्धार गरिएको र अन्य दुई जना पीडित बेपत्ता भएको योन्हाप समाचार एजेन्सीले बिहीबार जनाएको छ ।

स्थानीय समयअनुसार बिहान करिब १०:१० मा ९९२-टन एलपिजी वाहक ट्याङ्करसँगको ठक्करपछि दक्षिणपूर्वी पोर्ट सहर बुसानबाट आएको ७९-टन ट्रलर पल्टिएको जनाइएको छ । ठक्कर पछि डुबेको माछा मार्ने डुङ्गामा रहेका आठ जना चालक दलका सदस्यहरूमध्ये छ जनालाई उद्धार गरिएको छ भने अन्य दुई जना बेपत्ता भएको जनाइएको छ ।

दक्षिण कोरियाका तटरक्षकहरूले बेपत्ता माझीहरूको खोजी तथा उद्धार अभियान जारी राखेको बताएका छन् ।

# आम्दानीको मुख्य स्रोत बन्दै दालचिनी खेती

✍ रामचन्द्र रायमाझी

तानसेन (पाल्पा)। यहाँको तिनाउ गाउँपालिका सत्यवतीका जीतबहादुर राना ऋणधन गरी आठ वर्षअघि मलेसिया जानुभयो। झण्डै छ वर्ष वैदेशिक रोजगारमा बिताउनुभएका उहाँले त्यहाँ राम्रो कमाई गर्न नसकेपछि घर फर्कनुभयो। विदेश जानुअघि गाउँमा परिवारले मकै, कोदोखेती लगाउँथे। उहाँ घर फर्किंदा कोदो, मकै छोडेर परिवारका सदस्यहरूले दालचिनीको खेती सुरु गरिसकेका रहेछन्। जीतबहादुर पनि दालचिनी खेतीमै लाग्नुभयो र विदेश जाने क्रम रोक्नुभयो।

घरआँगनमा दालचिनी स्याहार्दै गर्नुभएका उहाँले भन्नुभयो, "अब विदेश जान्न गाउँमै दालचिनीको खेती गर्छु भनेर यसैमा लागेको छु। वार्षिक पाँचदेखि आठ लाख आफ्नै गाउँमा कमाइ हुँदोरहेछ। किन विदेश गइरहनु ?" विदेशमै रहेका छोरालाई पनि उहाँले घर बोलाएको बताउनुभयो। खरबारी, भिर, कान्लामा लगाएको दालचिनीबाट गत वर्ष आफूले सात लाख रूपैयाँको कारोबार गरेको र विदेश जाँदा लागेको ऋणसमेत चुक्ता गरेको उहाँले बताउनुभयो।

स्थानीय दमयन्ती दर्लामीले गत वर्ष छोराको बिहे गरिदिनुभयो। बिहेमा झण्डै दुई लाख रूपैयाँ ऋण लाग्यो। उक्त ऋणले दमयन्तीलाई निन्द्रा न भोक नै बनायो। ऋणकै कारण एक वर्षसम्म राम्रोसँग रातमा निदाउन नसकेकी दर्लामी हिजोआज भने राम्रैसँग निद्रा लाग्ने गरेको बताउनुहुन्छ। आफ्ना श्रीमान्ले बारीको कान्लाभरि चार वर्ष अगाडि लगाउनुभएको दालचिनीको पात र बोक्राबाट चार लाख रूपैयाँ हात पर्‍यो। ऋण पनि चुक्ता भयो, झन् केही रकम बचत पनि भएपछि आनन्दले निद्रा लागेको उहाँ आफ्नो अनुभव सुनाउनुहुन्छ।

दर्लामीकै आफन्त टीकाराम ढाडाको पनि कथा र व्यथा उस्तै छ। गत वर्ष वर्षात्का कारण ओत लाग्ने बासै गयो। त्यही बास बनाउन उहाँले चार लाख रूपैयाँ ऋण लिनुपर्‍यो। त्यो ऋणले उहाँलाई पनि लामो समय बेचैन नै बनायो। भनिन्छ, 'दुःख र अप्ठ्यारोमा परेकाहरूको साथी भगवान हुन्छन्' भने जस्तै त्यही वर्ष दालचिनी बिक्रीबाट झण्डै तीन लाख र तेजपात बिक्रीबाट एक लाख ५० हजार रूपैयाँ हात पर्‍यो। त्यसले सन्तोषको श्वास लिन सकेको उहाँ बताउनुहुन्छ। रैनादेवी छहरा गाउँपालिका-८ खुर्सानिकी देवीका सारुकी ठूली छोरी कमलाको भविष्यमा नर्स बन्ने सपना थियो। त्यो सपना पूरा गर्न उहाँको पारिवारिक आर्थिक अवस्थाले पुग्दैनथ्यो।

सारुले पाँच वर्षअघि आफ्नो बाँझो जग्गामा दालचिनी लगाउनुभएको थियो। दालचिनीबाट राम्रो आम्दानी हुन्छ भन्ने उहाँले कल्पनासमेत गर्नुभएको थिएन। तर, घरमै बुटवलबाट व्यापारी दालचिनीका बोक्रा लिन आएपछि उहाँले बल्ल यसबाट राम्रो आम्दानी हुन्छ भन्ने थाहा पाउनुभयो। उहाँले गतवर्ष दालचिनीका पात र बोक्रा बिक्री गरेर रु. पाँच लाख आम्दानी गर्न सफल हुनुभयो। त्यही आम्दानीबाट अहिले छोरीको नर्स बन्ने सपना पूरा गर्दै हुनुहुन्छ।

यस्तै निस्दीको ज्यामिरेका खेमबहादुर सोतीले दुई लाख हालेर ल्याएको बेहुनी भैंसी गत वर्ष गोठमा भएको आगलागीमा परेर मर्‍यो। दूध र घ्यू बिक्रीबाट आम्दानी गर्ने सोच बनाएर झण्डै लाखौँ खर्चेर भैंसी किनेर ल्याउनुभएका उहाँले भैंसी नै नरहेपछि त्यही भैंसी किन्दा लागेको ऋण तिर्नकै लागि भारत जाने तयारीमा हुनुहुन्थ्यो तर साथीभाइले खेर गएको तेजपातको बिक्रीबाट राम्रो कमाइ हुन्छ भनेपछि उहाँ रोकिनुभयो। नभन्दै गत वर्षको दसैंमा सोतीले तेजपात बिक्रीबाट तीन लाख रूपैयाँ हात पार्नुभयो। त्यही आम्दानीले भैंसीको ऋण तिर्न सकेको उहाँ बताउनुहुन्छ।

यी त केही प्रतिनिधि पात्र मात्रै हुन्। यहाँका धेरै किसानले दालचिनीको पात र बोक्रा बिक्री गरेर राम्रो आम्दानी गर्न सफल भएका छन्। एक पटकको लगानी र कम मिहेनतमा पनि यहाँका किसानले वार्षिक पाँचदेखि आठ लाख रूपैयाँसम्म कमाउन सफल भएका हुन्। खेर गएको जग्गामा लगाएको दालचिनीका बोटबाट पात र बोक्रा बेचेर मनग्य आम्दानी गर्न सकिनेमा किसानहरू पूर्णतः विश्वस्त देखिन्छन्।

भिरालो जग्गा र खेती गर्न नसकिने जग्गामा पनि दालचिनीका बोट लगाएर आम्दानी गर्न सकिने कचलका व्यावसायिक कृषक थर्कबहादुर बगालेले बताउनुभयो। अन्य खेतीबाट भन्दा दालचिनीबाट फाइदा भएपछि खेतीयोग्य जग्गामा समेत मानिसले दालचिनीका बोट रोप्न थालेको उहाँले बताउनुभयो। दालचिनी मसला तथा औषधिजन्य तेल उत्पादनमा प्रयोग हुने कच्चा वस्तु हो। दुई रोपनी क्षेत्रफलमा लगाएको दालचिनीबाट वार्षिक ५० हजारदेखि एक लाख रूपैयाँसम्म आम्दानी गर्न सकिन्छ। दालचिनी रोपेको तीन वर्षमै आम्दानी गर्न सकिने बगाले बताउनुहुन्छ। दालचिनीको बोक्रा र पातले समेत राम्रो मूल्य पाएपछि यहाँका किसानहरू यसतर्फ आकर्षित भएका छन्।

पछिल्लो समय मानिस गाउँमा बस्न छाडेको र गाउँमा बसोबास गर्ने किसानका बालीसमेत बाँदरले खान थालेपछि कृषकहरू यसतर्फ आकर्षित भएका हुन्। गाउँ छाडेर सहरमा बसाइँ गर्ने मानिसले समेत अचेल गाउँको खाली जग्गामा दालचिनीका बिरुवा रोप्न थालेका छन्। जिल्लाको रैनादेवी छहरास्थित खुर्सेनी, बल्ढेङ्गढी, सत्यवती, जुठापौवा, भुवनपोखरी, तिनाउको कचल, दोभान, कोलडाँडा, सत्यवती, ज्यामिरे, बेरुवा, जन्तिलुङ्ग, माथागढीको झडेवा, जगाद गोठादी, भुटुके, रम्भा,



पूर्वखोला, निस्दीको अर्चले, ज्यामिरे, भिरपानी, धवला, अदममारा, धनुबाँसलगायतका क्षेत्रबाट वर्षमा पाँच करोड रूपैयाँभन्दा बढीको बोक्रा र पात निकासी हुने गरेको छ।

भारत तथा अन्य मुलुकमा मसला, सुगान्धित तेललगायतका विभिन्न किसिमका औषधि निर्माणको लागि कच्चा पदार्थको रूपमा प्रयोग हुँदै आएको दालचिनीखेती अहिले पाल्पामा व्यावसायिक रूपमा विस्तार हुँदै गएको छ। दालचिनी उत्पादनको क्षेत्रमा यातायातको सहज पहुँच पुगेपछि जिल्ला वन कार्यालय पाल्पाले बजार व्यवस्थापन, विरुवा वितरण, खेती विस्तार तथा प्रवर्द्धनका लागि क्षमता अभिवृद्धिका तालिमले कृषकलाई हौसल्ला बढाएपछि अहिले व्यावसायिक रूपमा दालचिनी खेती हुन थालेको हो।

**छ वर्षमा ६८ लाख केजी निर्यात**

पाल्पाबाट छ वर्षको अवधिमा ६८ लाख नौ हजार ३७ किलोग्राम तेजपात र दालचिनीका बोक्रा निकासी भएको डिभिजन वन कार्यालय पाल्पाका सूचना अधिकारी खिलबहादुर तामाङले बताउनुभयो। उहाँका अनुसार चालु आर्थिक वर्षमा १२ लाख ८४ हजार ४८२ किलोग्राम तेजपात र तीन लाख ४७ हजार ९६९ किलोग्राम दालचिनीका बोक्रा भारत निकासी भएको हो। यस्तै आव २०८१/८२ मा आठ लाख ८१ हजार सात सय ३१ किलोग्राम तेजपात र एक लाख २१ हजार १० किलोग्राम दालचिनीका बोक्रा निकासी भएको छ। यहाँ उत्पादित तेजपात र दालचिनीको प्रमुख बजार भनेको भारत हो। यसलाई भारतमा औद्योगिक कच्चा पदार्थ र मसलाजन्य बस्तुको रूपमा प्रयोग हुने गर्दछ। यहाँका कृषकले साान्यतः तेजपात प्रतिकेजी ५० देखि ६० रूपैयाँ र बोक्रा दालचिनी प्रतिकेजी एक सय रूपैयाँमा बिक्री गर्ने गर्दछन्।

तेजपात र दालचिनी यहाँका नागरिकहरूको प्रमुख आम्दानीको माध्यम बनेको डिभिजन वन कार्यालयका प्रमुख मोहन श्रेष्ठले बताउनुभयो। उहाँले भन्नुभयो, "विपन्न वर्गका नागरिकहरूका लागि यो सहारा नै बनेको छ। यसको प्रभाव सकारात्मक परेका कारण प्रत्येक वर्ष बिरुवाको माग बढदो छ।" समुदायमा पुगेर आर्थिक क्षेत्रमा यसको महत्त्व, नर्सरी स्थापनादेखि भण्डारण, बजारीकरण, कृषकलाई तालिम दिँदै आएको डिभिजन प्रमुख श्रेष्ठको भनाइ छ। वैदेशिक रोजगारमा जान चाहने युवाहरूसमेत अहिले दालचिनी व्यवसायिक खेतीतर्फ लागेका छन्।

**घरमै पुग्छन् स्थानीय व्यापारी**

स्थानीय व्यापारी बोक्रा र पात खरिद गर्न घर-घरसम्म आइपुग्छन्। पछिल्लो समयमा दालचिनीको पातबाट किसानले ६० रूपैयाँ र बोक्राबाट एक सय १५ रूपैयाँसम्म गाउँमै पाउने गरेका छन्। गोदाम रहेको स्थानसम्म लग्ने हो भने १०/१५ रूपैयाँ बढी मूल्य पाउँछन्। त्यहाँ तोकिएको मूल्यअनुसार तौलेर ल्याएको दालचिनी ठूला व्यापारीहरूले गोदाममार्फत भारत निकासी गर्दै आएका छन्। तेजपात दालचिनी व्यापारी लेखनाथ घिमिरेका अनुसार हाल कृषकको घरमै पुगेर दालचिनीको बोक्रा खरिद गर्ने गरिएको बताउनुभयो। परम्परादेखि नै हुने यहाँका खर्‍यान, पाखोबारीका डिल तथा कान्लामा दालचिनीका बोट प्रशस्त छन्। सुरुमा आफैँ उम्रिएका केही दालचिनीका बिरुवालाई संरक्षण गर्दै किसानले बाँकी खाली जग्गामा पनि बिरुवा लगाएका हुन्। दालचिनी बोटका पात र बोक्रा प्रत्येक वर्ष असोजदेखि फागुनसम्म आफू अनुकूल काट्ने गरिन्छ।

**भान्साको ओखती दालचिनी**

दालचिनीलाई दालचिनीबाहेक कतिपयले सुनकाउली, तेजपात भन्छन्। सामान्यतः दालचिनी हाम्रो भान्सामा सहजै उपलब्ध हुने मसला हो। मासु वा तरकारीको स्वाद बढाउन होस् वा चियाको, दालचिनी सबैमा उपयोगी हुन्छ। यसको स्वाद मीठो हुनुको साथै बास्नादार पनि हुन्छ। दालचिनीको उपयोगिता स्वाद बढाउनमा मात्र छैन, विभिन्न औषधीय गुणले भरिपूर्ण समेत छ। दालचिनी खासमा रुखको बोक्रा हो। तेजपत्ता भनेर चिनिने यसको पात पनि स्वादिलो र औषधीय गुणले भरिपूर्ण हुन्छ। दालचिनीमा भिटामिन 'ए', भिटामिन 'बी', क्याल्सियम, आइरन, म्याग्नेसियम र फाइबर हुन्छ। साथै, दालचिनीमा एन्टिफङ्गल, एन्टिब्याक्टेरियल, एन्टिअक्सिडेन्ट तत्त्वसमेत पाइन्छ। आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधाहरूमा बढी प्रयोग हुने दालचिनी र तेजपत्ता मस्तिष्कको क्षमता बढाउन वा स्मरण शक्ति बलियो बनाउन उपयोगी मानिन्छ।

एक हेक्टर क्षेत्रफलमा एक हजार छ सय बिरुवा लगाउन सकिने दालचिनीको स्थानीय तहमा प्रशोधन केन्द्र स्थापना गर्नतर्फ प्रदेश र सङ्घीय सरकारले पहल गरेको खण्डमा वैदेशिक मुद्रा आर्जन गर्ने बलियो आधार बन्नुको साथै रोजगारीको अवसर सिर्जना हुने र स्वदेशी कच्चा पदार्थको प्रयोगको कारण उद्योग कलकारखाना फस्टाउने थियो। ***रासस***


## नीलबाराही बचत तथा ऋण सहकारी संस्था लि.

बोदे, मथिनपा वडा नं. ८

## घडेरी बिक्रीको बोलपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८३/०३/१२**

यस सहकारीले धितो लिलाम सकारी आफ्नो स्वामित्वमा रहेको तपसिलको घडेरी संस्थाको न्यूनतम मूल्यमा नघट्ने गरी बिक्री गर्ने सम्बन्धमा सञ्चालक समितिको मिति २०८३/०३/११ गतेको बैठकले निर्णय गरेकाले इच्छुक खरिदकर्ताहरूबाट देहायको सर्तहरू पालना गर्ने गरी रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ।

**जग्गाको विवरण**

| नक्सा नं. | कित्ता नं. | क्षेत्रफल | न्यूनतम मूल्याङ्कन |
|---|---|---|---|
| साबिक नीलबाराही ६ | ७३४ | ०-४-०-० | १,८२,५९,०००।- |

**सर्तहरू**

१) यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ दिनभित्र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी रू १,०००।- बुझाइ दिनको १:०० बजेभित्र निवेदन गर्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरू सोही दिन दिनको ३:०० बजे यस संस्थाको बिक्री समितिले कार्यालयमा प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

२) बोलपत्र दर्ता गर्ने र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरू त्यसपछि लगत्तै कार्यालय खुलेको दिनमा क्रमशः हुनेछ।

३. बोलपत्रदाताले आफूले सकार गरेको मूल्य अङ्क र अक्षर दुबैमा प्रस्टसँग लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा सहीछाप गरेको हुनुपर्नेछ।

४. बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको न्यूनतम १० प्रतिशतले हुने धरौटी रकम यस संस्थाको सिद्धार्थ बैङ्कको बोदे शाखा संस्थाको नामको खाता.नं. ०१७१५५००७७३ खातामा जम्मा गरेको सक्कलै बैङ्क भौचर संलग्न राखी पेस गर्नुपर्नेछ।

५. बोलपत्र स्वीकृत भएको सूचना यस संस्थाको सूचना पाटीमा टाँस गरिनेछ। साथै राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित हुनेछ।

६. प्लट खरिदको लागि छनोट भएका व्यक्तिहरूले बाँकी ९० प्रतिशत रकम बोलपत्र स्वीकृत भई सूचना प्रकाशित मितिले ७ दिनभित्र संस्थाको तोकिएको बैङ्क खातामा जम्मा गरी सोको सक्कलै बैङ्क भौचर यस समितिमा पेस गर्नुपर्नेछ। तोकिएको समयमा मूल्य नबुझाएमा बोलपत्रसाथ राखेको धरौटी जफत हुनेछ र पछि प्लट दाबी गर्न पाइने छैन। एकमुस्ट रकम बुझाएको दिनमा वा भोलिपल्ट जग्गा रजिस्ट्रेसन गर्न सकिनेछ।

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ। अधिकतम मूल्याङ्कित स्वीकृत बोलपत्रदाताले सम्झौता नगरेमा दोस्रो प्राथमिकतामा रहेका बोलपत्रदातालाई बोलपत्र स्वीकृत गर्न वा पुनः सूचना प्रकाशन गर्न सकिनेछ।

८. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ।

९. घडेरीका प्लटहरूसहितको नक्सा, पुर्जा एवं अन्य विषयसमेत यस संस्थाबाट जानकारी लिन सकिनेछ।

१०. अन्य कुराहरू बुझ्नुपरेमा संस्थाको कार्यालय वा फोनं. नं. ०१ ६६३२९८९ मा सम्पर्क गर्न सकिनेछ।


# कीर्तिपुर नपाको नवौं नगर सभामा १ अर्ब ५० करोडको बजेट पेस



कीर्तिपुर, ११ असार। कीर्तिपुर नगरपालिकाको नवौं नगर सभा बुधबार पाँगा पार्टी भेन्युमा सुरु भयो।

नगर सभाको उद्घाटन वाग्मती प्रदेश सभाका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले पानसमा दीप प्रज्ज्वलन गरी गर्नुभयो। प्रमुख अतिथि बानियाँले कीर्तिपुर ऐतिहासिक, धार्मिक, सांस्कृतिक सहर एवं राष्ट्रिय सहरबारे चित्रण गर्नुभयो। उहाँले कीर्तिपुर सामाजिक एकतामा रहेको बताउँदै कीर्तिपुरको विकासमा प्रदेश सरकार सधैँ साथ रहने बताउनुभयो।

कीर्तिपुर नगरपालिकाका उपमेयर शुभलक्ष्मी शाक्यले कीर्तिपुर नगरको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुको साथै आ .व.को लागि १ अर्ब ५० करोड २ लाख ५५ हजारको अनुमानित बजेट प्रस्तुत गर्नुभयो। बजेटमा चालुतर्फ ५५ करोड ४२ लाख र पुँजीगततर्फ ९६ करोड ७० लाख रहेको छ।

कीर्तिपुर नगरपालिकाका मेयर कृष्णमान डंगोलको सभापतित्वमा भएको कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य पुकार महर्जन, कीर्तिपुर नपाका प्रवक्ता एवं वडा नं. ७ का अध्यक्ष दिवाकर अधिकारी, जनस्वास्थ अधिकृत अमृतजन बस्नेतले पनि बोल्नुभएको थियो।


## हार्दिक समवेदना



जन्म
२०४९/०८/११

स्वर्गारोहण
२०८३/०३/०३

नेपाल मजदुर किसान पार्टीका सदस्य एवं नेपाल क्रान्तिकारी युवा सङ्घ भ.न.पा.-८ वडा समितिका कोषाध्यक्ष **रोशन गाईजु**को असामयिक निधनप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

**नेपाल मजदुर किसान पार्टी**
**नेपाल क्रान्तिकारी युवा सङ्घ**
भ.न.पा.-८ वडा समिति

**छात्रवृत्ति...**

आर्थिक सहयोग मात्र नभई विद्यार्थीको क्षमता विकास, शैक्षिक उत्कृष्टता र जिम्मेवार नागरिक निर्माणको आधार भएको उल्लेख गर्दै प्राप्त अवसरको सही सदुपयोग गर्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो । भक्तपुर नगरपालिकाले सञ्चालन गरेको छात्रवृत्ति छनोट परीक्षामा सहभागी ७१५ जना विद्यार्थीमध्ये विज्ञानमा ३६, व्यवस्थापन सङ्कायमा ५४, मानविकीमा ४ जना, शिक्षामा ७ र कानुन सङ्कायमा ४ जना गरी १०५ जना विद्यार्थी सफल भएका थिए ।

**जाँचबुझ...**

एकजना प्रहरी अधिकृतसहितको टोलीले अस्पतालभित्र रहेका प्रदर्शनकारीहरूमाथि गोली प्रहार गऱ्यो ।

भदौ २३ र २४ गतेको प्रदर्शनको Funding, Logistic Support, Transportation को लागि कुनै संस्थाहरूबाट सहयोग थिएन । मेरो व्यक्तिगत र 'हामी नेपाल' को रु. ५०,०००। खर्च भएको थियो । हाम्रो बारबरा फाउण्डेसनसँग कुनै पनि सम्बन्ध छैन । हालसम्म 'हामी नेपाल' ले कुनैपनि वैदेशिक संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिएको छैन ।

भदौ २४ गते साँझ मेरो आइफोन मोबाइलमा तपाईँलाई भद्रकालीस्थित नेपाली सेनाको कार्यालयबाट 'प्रधानसेनापतिज्यूले बोलाउनुभएको छ' भनी जानकारी आएकोले म नेपाली सेनाको प्रधानकार्यालयमा गएको थिएँ ।

प्रहरी महानिरीक्षक चन्द्र कुबेर खापुङ र सप्रअमनि नारायणदत पौडेलले मलाई फोन गरी प्रधानकार्यालय जोगाइदिनुपऱ्यो भनेकाले म र मेरो टीम discord प्लेटफर्मको Announcement मार्फत जम्मा भई स्वयम्सेवकहरूले हातेमालो गरी आफ्नो ज्यानको बाजी लगाई दुवै प्रहरी प्रधानकार्यालय जोगायौँ।

नेपाली सेनाको अधिकृत भोला थापासँगको सहकार्यमा नेपाली सेना र 'हामी नेपाल' का स्वयम्सेवकहरूले नागरिक सेवाको लागि discord हेल्पलाइनमा 'हामी नेपाल' संस्थाको स्वयम्सेवकहरूको नम्बर राखेर त्यसको सूचना नेपाली सेनालाई दिई संयुक्त रूपमा रातभरि काठमाडौँ उपत्यकामा खटेका थियौँ।

**रक्षा बमको कागज व्यहोराः**

म के. एन्ड के कलेज नयाँ बानेश्वरमा मास्टर तहमा अध्ययन गर्दै छु । साथै मैले उज्वल थापा फाउन्डेसन पानीपोखरीमा काम गर्ने गरेको थिएँ । २०८२ भदौ २३ गतेको प्रदर्शनबारे विभिन्न सामाजिक सञ्जालहरूमा प्रचारप्रसार भइरहेका थिए । विभिन्न समूहले सामाजिक सञ्जालमार्फत प्रदर्शनलाई समर्थन गरिरहेका थिए । म पनि Gen–Z पुस्तामा पर्ने भएकोले प्रदर्शनमा सहभागिता जनाउने निर्णय गरेँ । सोपश्चात् विभिन्न Gen–Z समूहसँग मसमेतका मेरा चिनजानका व्यक्तिहरूले छलफल गर्दै आयौँ । अन्तिम पटक काठमाडौँ माइतीघरको खुला स्थानमा बसी छलफल गऱ्यौँ । जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट अनुमति प्राप्त भएबमोजिम बानेश्वर एभरेस्ट होटलसम्म प्रदर्शन गर्दै जाने र पुनः प्रदर्शन गर्दै माइतीघर फर्केर शान्तिपूर्ण तवरले कार्यक्रम समापन गर्ने निर्णय भएको थियो । सोहीबमोजिम २०८२ भदौ २३ गते बिहान अन्दाजी ८.०० बजे म माइतीघर काठमाडौँमा गएँ । म जानुभन्दा अगाडि सुधन गुरुङको समूह पुगेर व्यवस्थापनको काम गरिरहेका थिए ।

बिहान अन्दाजी १०.३० बजे माइतीघरबाट प्रदर्शन सुरु भयो । लगभग ११.३० बजे बानेश्वर पुग्यौँ । केही समयपछि प्रदर्शनकारीहरू निषेधित क्षेत्रबाट अगाडि बढेर बानेश्वर चोकसम्म पुगी संसद् भवनभित्र छिर्ने प्रयास गरिरहेको खबर आयो । सुरक्षाकर्मीहरूले फायर गरेको आवाज पनि आउन थाल्यो । मैले अवस्था धेरै बिग्रने महसुस गरी स्कूल पोशाकमा रहेका विद्यार्थी प्रदर्शनकारीहरूलाई वैकल्पिक बाटोको प्रयोग गरी घरजान अनुरोध गरिरहेको थिएँ । लगभग १-२ बजेतिरको समय हुनुपर्छ मलगायत केही साथी अनामनगरमा गई सुरक्षित भयौँ ।

भदौ २४ गते बिहानैदेखि मुलुकभर आन्दोलन सुरु हुन थाल्यो । सो दिन म सङ्घीय संसद् भवन वरपर प्रदर्शनमा सहभागी भएको थिएँ । प्रदर्शनकारीहरू संसद् भवन छिर्न प्रयास गरिरहेका थिए । अन्ततः कसैको कुरा नसुन्ने अवस्थामा पुगिसकेका प्रदर्शनकारीहरूले संसद् भवन तोडफोड तथा आगजनी गरे । सो दिन सिंहदरबारस्थित राज्यका मुख्य प्रशासनिक निकाय, न्यायिक निकाय, सरकारी कार्यालयहरू, यसअघि पटक पटक सरकारमा सहभागी भएका राजनीतिक दलका उच्चपदस्थ व्यक्तिहरू, व्यापारिक प्रतिष्ठानलगायतमा तोडफोड तथा आगजनी गरी क्षति पुऱ्याए । प्रदर्शनमा मादक पदार्थ सेवन गरेका व्यक्तिहरू पनि प्रशस्त भेटिन्थे । उनीहरूलाई हामीले पटकपटक सम्झाइबुझाइ गर्दा उनीहरू हामीमाथि नै जाइलागे । प्रदर्शनको क्रममा राजावादी भनेर परिचए दिने व्यक्तिहरूसमेत देखिन्थे । भदौ २४ गते त बानेश्वरमा एकजना मादक पदार्थ सेवन गरेको व्यक्ति हातमा बन्दुक लिएर उच्छृङ्खल तवरले प्रस्तुत भइरहेको थियो ।

प्रदर्शनमा घुसपैठ भएको सम्बन्धमा छानबिन गरी कानुनबमोजिम कारबाही हुनेमा आशावादी छु । तोडफोड र आगजनीजस्ता विध्वंसात्मक कार्यमा संलग्न व्यक्तिहरूलाई कानुनबमोजिम कारबाही माग गर्दछु ।

**पुरानोको...**

सामूहिक शौचालयहरूको बन्दोबस्तको विषय राजनैतिक दल र कार्यकर्तालाई कहिले आएन र चित्त बुझाउन 'दुर्गम गाउँलाई' समेत नगर घोषणा गरियो । जनसङ्ख्याको एउटा मानक राखेर चालिसौँ माइल पनि नगर घोषणा गर्न पछि परेन । 'नगर घोषणा गर्नु' बाटो लान घुस खाने मेसो बन्यो । गाउँका जनता दोषी होइनन् बरु घोषणा गर्ने र गराउने नेताहरू नै दोषी हुन् । बरु 'गाउँपालिकाहरू' लाई प्राथमिकता दिएको खण्डमा आजभन्दा बढी सेवा प्रवाह हुन्थ्यो भन्ने सबैको मनमनमा छ । नगरको सङ्ख्याको वृद्धिले भ्रष्टाचार बढ्यो, जनप्रतिनिधिहरूको जानकारीमा प्रश्न उठ्यो, नगरहरूको प्रतिष्ठा झन्झन् बदनाममा बदलियो र 'प्रजातन्त्र' र 'गणतन्त्र' माथि समेत प्रश्न उठ्न थाल्यो ।

यसकारण, हिजोका सरकारमा बसेका सबै नेताहरू पश्चातापको सुस्केरा हाल्दै आ-आफ्ना नेता र कार्यकर्तालाई आपसमा दोष पन्छाउँदै छन् ।


## हार्दिक समवेदना



जन्म
२००१/०४/०५

निधन
२०८३/०३/०६

हाम्रा आत्मीय मित्र सत्यराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

श्यामसुन्दर लुबंजार
श्यामकृष्ण गाईजु
किरण लाखेमरु
सुनिल बोहजु
बिनोद गाईजु
कृष्णसुन्दर लुबंजार
बद्रीराम बोहजु
रमेश बोहजु
राजिप धिङ्ग्री
रमेश धौबंजार

## हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं १७२९ का सदस्य **बिकुराम बोहजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २००१।०४।०५
निधन : २०८३।०३।०६

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९

## हार्दिक समवेदना



जन्म
१९९९/११/१२

स्वर्गारोहण
२०८३/०३/०४

यस संस्थाका महिला उपसमितिका सदस्य सीतालक्ष्मी छुस्याकीकी ममतामयी माता तथा संस्थाका सदस्यता नं. ६६४ का सदस्य **पूर्णकेशरी छुस्याकी**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**संगम बचत तथा ऋण सहकारी संस्था लि.**
ख:लाँ, भक्तपुर-४

## हार्दिक समवेदना



जन्म
१९९७/०९/१५

स्वर्गारोहण
२०८३/०३/०६

यस श्री छुमागणेश बाँसुरी बाजा समूहका सदस्य **मोहनलाल सुवाल**को असामयिक स्वर्गारोहण भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**श्री छुमागणेश बाँसुरी बाजा समूह**
भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

### अभिमुखीकरण कार्यक्रमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **मेनोपज (महिनावारी सुक्ने) सम्बन्धी अभिमुखीकरण कार्यक्रम**मा सहभागी हुन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

2083
**कार्यक्रम मिति**
**२०८३ असार २१ गते, आइतबार**
**दिउँसो १:०० बजेदेखि**

**स्थान :**
**सिद्धि गणेश तालिम हल, खँचा**

**लघुवित्त तथा बचत समूह परिचालन उपसमिति**

### Smart QR सुविधा सञ्चालन भएको सम्बन्धी सूचना

**सजिलै आफ्नो बैङ्क खातामा रहेको रकम सिद्धि गणेश ऐच्छिक खातामा रकमान्तरण गर्नुहोस् ।**




**थप जानकारीको लागि संस्थामा सर्म्पक गर्नुहोला**

संस्थाको **Siddhi Ganesh Smart Banking App** मा **Smart QR** सुविधा सञ्चालनमा आएको हुँदा उक्त सेवा प्रयोग गर्न इच्छुक सदस्यहरूले आफ्नो **Smart Banking App** मा आवश्यक प्रक्रिया पूरा गरी **Smart QR** सक्रिय गर्नुहुन सूचित गराइन्छ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म
२००१/०४/०५

स्वर्गारोहण
२०८३/०३/०६

बिकुराम बोहजु

यस विद्यालयका मा.वि. शिक्षक एवं प्लस टु (११/१२) का इन्चार्ज शिवराम बोहजुका पिता तथा बिहानी सत्रका शिक्षकद्वय लक्ष्मीकेशरी सुवाल र गोपाल जाकिबञ्जारका पूजनीय ससुराबुबा **बिकुराम बोहजु**को अकल्पनीय निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**आदर्श आजाद माध्यमिक विद्यालय परिवार**
परदेश भीमसेनस्थान-५, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००१/०४/०५

स्वर्गारोहण
२०८३/०३/०६

यस कानुन अध्ययन समाज नेपालका केन्द्रीय सदस्य तथा अधिवक्ता शिवराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को ८२ वर्षको उमेरमा दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**कानुन अध्ययन समाज नेपाल**
भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा